## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६९-CI-०३४३, परमादेश, *नेपाल विद्युत प्राधिकरण, वीरगञ्ज वितरण केन्द्र, पर्सासमेत वि. राजेन्द्रप्रसाद चौहान*

निवेदकले विद्युत लाइन जडान गर्न माग गरी कुनै निवेदन दिएको छैन भन्ने विपक्षी प्राधिकरणको जिकीर रहेको छ । तर, निवेदक विद्युत जडान गर्न माग गर्दै प्राधिकरणमा आएको तथ्यलाई लिखित जवाफमा स्वीकार गरिएको छ । सार्वजनिक सेवाप्रदायक संस्थाहरूले सेवाग्राहीहरूका निवेदनलाई ग्रहण गरी कानूनबमोजिम निर्णय गर्नु पर्दछ । त्यस्ता निवेदनउपर कानूनबमोजिम निर्णय नगरी मौखिकरूपमा त्यसै फिर्ता गर्न कानूनसम्मत् हुँदैन । अतः निवेदकले विद्युत लाइन जडान गर्न माग गरी निवेदन दिन आएमा निवेदन दर्ता गरी कानूनबमोजिम उपयुक्त निर्णय वा कामकारवाही गर्नु, गराउनु भनी विपक्षीका नाममा परमादेश जारी गरेको पुनरावेदन अदालत, हेटौंडाको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल जेठ ३० गते रोज ५ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६९-CI-०२७५, निषेधाज्ञा, *रोहितमान श्रेष्ठसमेत वि. पोखरा फाइनान्स कम्पनी लि.को शाखा कार्यालय, सुन्धारा काठमाडौंसमेत*

निवेदन दावीका जग्गा सम्बन्धमा यिनै पक्ष विपक्षबीच अंश चलन, धितो बन्धक तथा लिखत बदरसमेतका मुद्दाहरू परी अदालतमा विचाराधीन रहेका छन् भन्ने कुरा मिसिलबाट देखिन आउँछ । यसरी हक स्वामित्वमै विवाद उठी सामान्य कानूनी प्रावधानअनुरूप नियमित अदालतमा विवाद विचाराधीन रहेको अवस्थामा सो मुद्दाहरूबाटै हक अधिकारको कानूनबमोजिम ठहर निर्णय हुने हुँदा सो मुद्दाहरूलाई प्रभावित पार्ने गरी हक अधिकारको निरोपण नै नभैरहेको यस्तो विषयवस्तुमा अगावै निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने हुँदैन । तसर्थ निवेदन खारेज गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल जेठ ३० गते रोज ५ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६९-CI-०३९०, निषेधाज्ञा, *रामेश्वर मण्डलसमेत वि. जिल्ला प्रहरी कार्यालय, सप्तरीसमेत*

जिल्ला सप्तरी, वतौनिया गा.वि.स. वडा नं. ९ कि.नं. २० को पोखरी डिल जग्गामध्ये पश्चिम दक्षिणतर्फबाट ०-१०-० जग्गामा आफूहरूका पुस्ता दरपुस्तादेखि घर बसोबास गर्दै आएको र साविक भोगका आधारमा हक कायम हुने अवस्था रहेको भन्ने निवेदकको कथन रहेको पाइन्छ । पुनरावेदन अदालतको आदेशबमोजिम मिति २०६८।९।२८ मा भई आएको नापनक्सा मुचुल्का हेर्दा कि.नं. १९ को पोखरी न.नं. १ मा अवस्थित भई पोखरी डिलको रूपमा कि.नं. २० को जग्गा रहेको देखिन्छ । सोही कि.नं. २० को जग्गामध्ये उत्तरतर्फ न.नं. ३ को विद्यालय र दक्षिणपश्चिमतर्फ न.नं. ४ र ५ को जग्गामा पुनरावेदकहरूको भोग बसोबास रहेको भन्ने जनिएको पाइन्छ । पुनरावेदकहरूको फुसको घरसमेतको बसोबास तथा त्यसको वरिपरी देखिएका आँप, कटहरका रूख र बाँसको झ्याङसमेतका अतिक्रमण भएको भन्ने देखिएको छैन । निवेदनसाथ पेश भएका घर र

बसोबासको प्रकृति झल्किने तस्वीर तथा भइआएको नापनक्सामा अङ्कित प्रकृति र उल्लेख भएको व्यहोरासमेत हेर्दा विवादित पोखरी डिल जग्गामा पुनरावेदकहरूको भोग बसोबासको अवस्था प्रष्ट देखिन्छ। तर, त्यसमा विपक्षीहरूबाट अतिक्रमण तथा हस्तक्षेप भएको नदेखिएको र सोको आशङ्का रहेको भन्ने कुनै भरपर्दो आधार कारणसमेत निवेदकले देखाउन नसकेको हुँदा निवेदन खारेज हुने।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल जेठ ३० गते रोज ५ शुभम्।

४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६९-CI-०१९८, उत्प्रेषणयुक्त परमादेश, *पंकजप्रसाद गोइत वि. जिल्ला शिक्षा कार्यालय, धनुषासमेत*

रामविलास यादवले निज कार्यरत् विश्वज्योति उ.मा.वि. खोटाङबाट नथुनी गोइत नि.मा.वि. धनुषामा सरूवा गरिपाऊँ भनी अनुसूची १७ बमोजिमको निवेदन दिएको र सो निवेदनमा निजलाई सरूवा भई जान उक्त विद्यालयको व्यवस्थापन समितिको सहमति रहेको व्यहोरा विद्यालय व्यवस्थापन समितिका अध्यक्षले प्रमाणित गरेको देखिन्छ। त्यस्तै निजले सरूवा भई जान चाहेको नथुनी गोइत नि.मा.वि. धनुषाको व्यवस्थापन समितिले पनि सरूवा भई आउन निजलाई सहमति प्रदान गरेको व्यहोरा सो विद्यालयका प्रधानाध्यापकले प्रमाणित गरिदिएको देखिन्छ र सोहीबमोजिम जिल्ला शिक्षा कार्यालय, धनुषाका जिल्ला शिक्षा अधिकारीले पारस्परिक सहमतिका आधारमा विश्वज्योति उ.मा.वि. खोटाङमा नि.मा.शि. तृतीय श्रेणीको दरबन्दीमा कार्यरत् निज रामविलास यादवलाई नथुनी गोइत नि.मा.वि. लक्कड, धनुषाको रिक्त नि.मा.शि. दरबन्दीमा सरूवा गरेको देखिन्छ। त्यस्तै अवकाशप्राप्त शिक्षक विनोदकुमार प्रभाकरको नियुक्तिपत्रबाट निज नि.मा.वि. दरबन्दीको शिक्षक भएको देखिएको र नियुक्तिपत्रमा निजको विषय उल्लेख भएको नदेखिँदा रामविलास यादवको विश्वज्योति उ.मा.वि. खोटाङबाट नथुनी गोइत नि.मा.वि. धनुषामा भएको सरूवा कानूनप्रतिकूल भएको भन्ने देखिन नआएकोले रिट निवेदन खारेज गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।१२।७ को आदेश मिलेकै देखिँदा निवेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०७० साल जेठ ३० गते रोज ५ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६८-CI-०१५२८, उत्प्रेषणयुक्त परमादेश, *राजश्व अनुसन्धान विभाग पूर्वाञ्चल क्षेत्रीय कार्यालय, इटहरीका तर्फबाट कार्यालय प्रमुख योगनाथ पौडेल वि. सिप्रदी ट्रेडिङ प्रा.लि. प्रधान कार्यालय काठमाडौं*

भन्सार चोरी पैठारीका अवैध सामान ओसारपसार गर्ने कार्यमा प्रयोग भएको भन्ने आधारमा बरामद भई आएको ट्रक जफत गरी लिलाम बिक्री गर्नुपूर्व विपक्षी कार्यालयले आफ्नै फाइलबाट ज्ञात हुन आएको सवारीधनीलाई प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सफाइको सबूद पेश गर्ने मौका दिएर मात्र लिलामसम्बन्धी निर्णय गर्नुपर्नेमा सो नगरी एकैचोटी हक दावीसम्बन्धी सूचना पत्रपत्रिकामा प्रकाशित गरेको क्रियाबाट सो सवारी साधनका धनीले सुनुवाइको मौका प्राप्त गरेको भन्न नमिल्ने हुँदा सो मे.१ख. १४०३ नं. को मिनी ट्रकका हकमा सम्म विपक्षी कार्यालयको लिलामसम्बन्धी निर्णय एवं कामकारवाही उत्प्रेषणको आदेशद्वारा बदर गर्ने र सो मिनी ट्रकका धनीलाई बुझी

कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी राजश्व अनुसन्धान विभाग पूर्वाञ्चल इकाई कार्यालयका नाममा परमादेश जारी गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०७० साल जेठ ३० गते रोज ५ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं. ०६८-CI-१०३७, निषेधाज्ञा, *अम्बिकादेवी श्रेष्ठ वि. कृष्णमुरारी ढकालसमेत*

दावीको जग्गाका सम्बन्धमा निर्णय दर्ता बदर तथा फैसला बदरसमेतका मुद्दाहरू परी काठमाडौं जिल्ला अदालत, पुनरावेदन अदालत, पाटन तथा सर्वोच्च अदालतसमेतमा विचाराधीन छन् भन्ने तथ्य निवेदन व्यहोराबाट समेत स्पष्ट हुन्छ । दावीको जग्गाको कानूनी हैसियत एवं स्वामित्वका सम्बन्धमा उपरोक्त मुद्दाहरूबाट नै निरोपण हुने हुँदा प्रस्तुत निवेदनको रोहबाट त्यसतर्फ विवेचना गर्न मिल्ने देखिएन । विपक्षीहरूले घर तथा होटल भत्काउने तथा कब्जा गर्ने प्रबल आशङ्का रहेको छ भनी निवेदकले दावी गरे तापनि लिखित जवाफबाट त्यसलाई इन्कार गरेको देखिएको र त्यस्तो आशङ्काको कुनै वस्तुनिष्ठ आधार प्रमाण निवेदकले समेत देखाउन नसकेको अवस्था हुँदा निवेदन खारेज गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको आदेश सदर हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल जेठ ३० गते रोज ५ शुभम् ।

- यसै लगाउको दे.पु.नं. ०६८-CI-१०३८, निषेधाज्ञा, *होटल द्वारिकाजका तर्फबाट अख्तियारप्राप्त वेदनाथ भण्डारी वि. कृष्णमुरारी ढकालसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

७

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** दे.पु.नं. ०६६-CI-०४०३, हक कायम, *रामजुलुम महतो वि. सियालाल महतो*

मुद्दा मामिलामा इन्साफ गर्दा अदालतले वादी दावीमा सीमित रही फैसला गर्नुपर्दछ भन्ने न्यायिक प्रक्रियाको स्थापित मान्यता रहेको छ । प्रस्तुत सन्दर्भमा यिनै वादीले दे.नं. १९२७६१ को अंश दर्ता मुद्दामा दावीको जग्गाको क्षेत्रफल ०-२-० रहेको भनी किटानीसाथ उल्लेख गरेको र मागदावीबमोजिम सो जग्गाबाट आधा ०-१-० जग्गा अंश पाउने ठहरी फैसला भई फैसला कार्यान्वयनसमेत भैसकेको देखिएको अवस्थामा हाल आएर उक्त जग्गाको कूल क्षेत्रफल ०-३-० रहेको तथ्य थाहा भएकोले सो बढी देखिएको ०-१-० एक कट्ठाको पनि आधा अर्थात् १० धुर जग्गामा हक कायम गरिपाऊँ भनी यी वादीले दावीको रूप फेरिदिएको प्रस्तुत नालिस कानूनसम्मत् देखिँदैन । उक्त अंश मुद्दामा दावीको जग्गाको क्षेत्रफलका सम्बन्धमा यी वादीले व्यक्त गरेको कथनबाट प्रस्तुत मुद्दामा निज विबन्धित हुनुपर्ने अवस्थासमेत रहेको छ । सो मुद्दामा उक्त जग्गाको क्षेत्रफल अन्दाजी नभनी क्षेत्रफल ०-२-० रहेको भनी वादीले किटान गरेको अवस्थामा पटक-पटक दावी फेर्दै विवाद खडा गर्ने सुविधा वादीलाई कानूनले प्रदान गरेको छ भन्न मिल्ने देखिँदैन । तथापि जिल्ला अदालतको आदेशानुसार भएको मिति २०६३।१०।५ को नक्सामा वादीको भोगमा ०-०-१६-६ जग्गा मात्र रहेको देखिएको र निजले अंश मुद्दाबाट पाएको ०-१-० मा नपुगे जति जग्गा प्रतिवादीको न.नं.८ मा परी प्रतिवादीले भोग गरेको देखिन आएको हुँदा वादीको ०-१-० क्षेत्रफलमा सो नपुग जति प्रतिवादीको

न.नं. ८ घरबाहेकको उत्तरतर्फको खाली जग्गामा वादीको हक कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटर सेटिङ : मुकुन्द बिष्ट

इति संवत् २०७० साल वैशाख १० गते रोज ३ शुभम् ।

८

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** दे.पु.नं. ०६७-CI-०६७५, लिखत दर्ता बदर, *तुल्सीप्रसाद हलुवाई वि. बबिता हलुवाईसमेत*

जीउनीलाई पनि अंशसरह नै मानिएको र अंश तथा जीउनी दुबैको निर्वाध एवं स्वतन्त्र उपभोगलाई यस अदालतले उच्च महत्त्व प्रदान गरी त्यस्तो उपभोगमा अवरोध उत्पन्न गर्ने किसिमका कुनै पनि शर्त वा बन्देज गैरकानूनी हुन्छन् भन्ने सिद्धान्त प्रतिपादन गरी अंशियारको अंश हक तथा जीउनीको संरक्षण गर्दै आएको देखिएको छ । प्रस्तुत मुद्दामा पनि बाबुआमाको जीउनीबापत राखिएको विवादको जग्गाको हक हस्तान्तरण गर्नमा अंशियार छोराहरूको मञ्जूरी आवश्यक पर्ने शर्त बण्डापत्रमा लेखिएको अवस्था भएकोले बण्डापत्रको उक्त शर्तले जिउनीबापत प्राप्त सम्पत्तिको निर्वाध उपभोगलाई नियन्त्रण गरी अवरोध सिर्जना गरेकै देखिन आउँदा विवादको जग्गा जीउनीबापत पाएको कोइली हलुवाईले यी वादीको सहमति मञ्जूरी नलिईकनै बबिता हलुवाईलाई बकसपत्र पारीत गरी हक हस्तान्तरण गरिदिएको क्रियालाई कानूनसम्मत् ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७० साल वैशाख १० गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ००६९-WH- ००५८, बन्दीप्रत्यक्षीकरण, *रामकरण सहनीको हकमा अधिवक्ता कोपिला अधिकारी वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

नेपाल सरकार वादी र गैरकानूनी थुनामा रहेका भनिएका निवेदक राजकिशोर यादवसमेत प्रतिवादी भई जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा केही सार्वजनिक अपराध मुद्दा चलेको कुरामा विवाद देखिँदैन । उक्त मुद्दामा यी निवेदक राजकिशोर यादवको अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफ्नो उमेर १७ वर्ष भन्ने उल्लेख गरी सोही उमेर अभियोगपत्रमा समेत उल्लेख भएको देखिएको र जिल्ला प्रशासन कार्यालयमा बयान गर्दासमेत आफ्नो उमेर १७ वर्ष भनेको पाइन्छ । निवेदक स्वयंले आफ्नो उमेर १७ वर्ष भनी अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्षसमेत बयान गरेको अवस्थामा निजले उल्लेख गरेको उमेरसम्बन्धी तथ्यलाई अन्यथा भन्न र निजलाई बालक भन्न नमिल्ने ।

निवेदकको उमेर १७ वर्षको देखिई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २(क) ले परिभाषित गरेअनुसारको १४ वर्षभन्दा कम उमेरको नदेखिएको र जिल्ला प्रशासन कार्यालयबाट मुद्दा फैसला भैसकेको समेत देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने स्थिति देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल चैत ४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ००६९-WH-००६१, बन्दीप्रत्यक्षीकरण, *जिगमी*

*दण्डुल लामासमेत वि. महानगरीय प्रहरी वृत्त, महाराजगञ्जसमेत*

निवेदकहरूले शिक्षण अस्पताल महाराजगञ्जमा नारा जुलुश गरी शान्ति सुरक्षामा खलल पुऱ्याउने कार्य गरेको हुँदा निजहरूलाई मिति २०६९।११।१६ गते पक्राउ गरिएको र निजहरूउपर मिति २०६९।११।२० मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा केही सार्वजनिक अपराध मुद्दा दायर गरिएकोमा सो कार्यालयले सोही दिन निवेदकहरूबाट जनही रू. २५,०००।- धरौट माग गर्ने आदेश गरी निवेदकहरू माग भएको धरौट बुझाई थुनामुक्त भैसकेका छन् भन्ने व्यहोरा उल्लेख गरेको पाइयो । यस्तै गैरकानूनी थुनामा रहेका भनिएका व्यक्तिहरूको हकमा निवेदन दिने तेन्जी शेर्पाले थुनामा रहेका व्यक्तिहरू जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट भएको आदेशबमोजिमको धरौट बुझाई तारिखमा रहेका छन् भन्ने व्यहोरा उल्लेख गरी मिति २०६९।१२।२ मा यस अदालतमा निवेदन दिएको देखिन्छ । यसरी निवेदक तथा विपक्षी दुबै पक्षले निवेदकहरू थुना मुक्त भैसकेको तथ्यलाई स्वीकार गरेको देखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल चैत ४ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०០६९-RC-००२७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अर्जुन सुनुवार राई*

प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा मृतकले अत्याधिक मादक पदार्थ सेवन गर्ने गरेको र सम्झाउने क्रममा कराएकाले लात्तीले हान्दा निजको नाक मुखबाट रगत बगेको र लछारपछारको क्रममा मसला पिँध्ने लोहोरो र बियरको बोतलले आफूलाई हिर्काउन लाग्दा खोसी निजको टाउको, कञ्चट, मुखलगायतको भागमा लागि भूईंमा ढलेपछि कोठामै रहेको पाइप जस्तो बट्टा निजको योनीमा घुसाई दिएको भन्नेसमेत उल्लेख गरेको पाइन्छ । अदालतमा बयान गर्दा घटना घटेको तथा लोहोरो र बोतलले हान्दा सोही चोटको कारणले श्रीमतीको मृत्यु भएको हुँदा कानूनबमोजिम सजाय भोग्छु भन्नेसमेत उल्लेख गरेको पाइन्छ । अदालतमा बयान गर्दा मौकाको बयान, जाहेरीलगायतका निजविरुद्धका सबै कागजातलाई समर्थन गर्दै तत्काल उठेको रिसइबी थाम्न नसकी हानेको भन्ने उल्लेख गरेको देखिन्छ । परन्तु, मृतकले आफ्नो पतिउपर तत्काल नियन्त्रण गर्नै नसक्ने आवेश उत्पन्न गराएको भन्ने तथ्यलाई मिसिल संलग्न तथ्य र प्रमाणले समर्थन गरेको नदेखिने ।

प्रतिवादीले पत्नीले मादक पदार्थ सेवन गरी कराउने गरेको भन्ने आधारमा लछारपछार गरी लात्तीले हानी टाउकोलगायत शरीरका विभिन्न भागमा ढुङ्गाको लोहोरो तथा बियरको बोतलले पटक-पटक प्रहार गरी रगतपच्छे पारी लडाएपछि योनीमा पाइप आकारको बट्टा घुसाएको अवस्थाबाट प्रतिवादीको पत्नीप्रति तुष रहेको र सोही कारण कुटपीटबाट रगतपच्छे भई भूईंमा ढलेकी पत्नीको योनीमा बट्टा घुसाई क्रूरतापूर्ण व्यवहार गरेको स्पष्टै देखिन आउँछ । पत्नीको सुरक्षामा संवेदनशील हुनुपर्नेमा उल्टै क्रूरतापूर्ण तरिकाले हत्या गरेको देखिँदा यी प्रतिवादीले अभियोग दावीबमोजिमको कसूर गरेको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्यूटर गर्नेः निर्मला भट्ट

इति संवत् २०६९ साल चैत ३० गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ००६८-RC- ००२६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शिवप्रसाद सापकोटा*

प्रतिवादीले मानसिक रोगको जिकीर लिएको भएता पनि सो कुराको समर्थनमा कुनै प्रमाण पेश गरेको देखिँदैन । मानसिक अवस्था गुमेको व्यक्तिले कुनै पनि कार्यको सम्बन्धमा योजना मिलाई होसियारीपन अपनाउन सक्ने क्षमता सामान्यतया राख्न सक्दैन भन्ने सामान्य सुझबुझको कुरा हो । वारदात हुँदाको समयमा यी प्रतिवादी निजले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी होस गुमेको अवस्थामा रहेको भन्ने कुरा भरपर्दो प्रमाणबाट पुष्टि हुनुपर्छ । यस मुद्दामा वारदातको समयमा यी प्रतिवादीको आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी होस गुमेको भन्ने कुनै प्रमाणबाट देखिएको छैन । प्रतिवादीले मौकामा गरेको बयानमा पत्नीको कामबाट सन्तुष्ट नभएको र राति सुत्दा पनि मनमा विभिन्न कुराहरू खेली पत्नीको चरित्रप्रति शङ्का उत्पन्न भएको कारण निजलाई मारी जेल बस्नु उपयुक्त सम्झेको र पानी खाने बहाना बनाई पत्नीलाई ढोका खोल्न लगाई पानी सार्न निहुरिएकी पत्नीलाई निजले प्रतिवाद गर्न नसक्ने अवस्थाको मौका छोपी घरेलु हतियारले लगातार हानी मारेको भनी सिलसिलेवार रूपमा उल्लेख गरेको र सो कुरालाई अदालतमा अन्यथा भनेको देखिँदैन । पत्नीउपर अनेक चारित्रिक शङ्का गरी मनमा कुरा खेलाई मार्ने मनसायले योजनबद्धरूपमा मारेको भन्ने मिसिलबाट देखिएको अवस्थामा प्रतिवादी शिवप्रसाद सापकोटालाई अभियोग दावीबमोजिमको कसूर गरेको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्यूटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल चैत ३० गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ००६८-RC-००६४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शान्तिदेवी चौधरी*

बन्धियादेवी चौधरीको मृत्यु टाउकोमा लागेको चोटबाट भएको भन्ने शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको तथा मृतकको टाउकोमा आँसीको चुच्चोले हानेको, रोपेको जस्ता तीनवटा घाउ, दायाँ आँखा तल घाउ, पेटको बायाँ साइडमा आँसीको चुच्चोले घोपे जस्तो घाउ भएको देखिएको समेतका अवस्थाबाट मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने देखिएको र सो तथ्यमा विवाद छैन । प्रतिवादी शान्तिदेवी चौधरीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान हेर्दा, मृतक सासूले बोक्सी लगाई बिरामी पार्ने भएको र पहिलादेखि रिसइबी भएकोले घटना घटेको मिति २०६६।१०।६ का दिन बेलुका ४ बजेको समयमा निजलाई मारेर आउनु पर्‍यो भनी दाल दल्ने जाँतोको फुटेको ढुङ्गो लिई गई निज सासू आफ्नो कोठामा आगो बाली एक्लै बसिरहेको मौकामा उक्त ढुङ्गोले निजको घुच्चुकमा हान्दा ऐया भनी उठ्न लागेकोमा निजको कपाल तानी भूइँमा लडाई फलामको आँसीले निजको टाउको, मुख, हात र शरीरमा हानी काटी कपाल तानी कुटपीट गर्दा बेहोस रगताम्य भएकी भन्दै आफू एक्लैले निजलाई कर्तव्य गरी मारेको स्वीकार गरेको देखिन्छ । त्यस्तै अदालतमा पनि सोही व्यहोरा समर्थित बयान गरेको पाइन्छ । प्रतिवादीको बयानलाई समर्थन गर्दै निजकै पति ठागुराम चौधरीले बकपत्र गरेको समेत देखिन्छ । उल्लिखित तथ्यहरू समेतको सापेक्षतामा यी प्रतिवादी शान्तिदेवी चौधरीले अभियोग दावीबमोजिम कसूर गरेको भन्ने शुरू कैलाली जिल्ला अदालतको मिति २०६६।१२।२५ को फैसला सदर गरेको पुनरावदेन अदालत, दिपायलको इन्साफ अन्यथा नदेखिँदा सदर हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल चैत ३० गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ००६८-RC-०११७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खोलापारे भन्ने दमाई तामाङ*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान हेर्दा २०६५।२।८ का राति केतुके -४ स्थित जीतबहादुर तामाङको घरमा नाचगान गरिरहेको अवस्थामा अं. ११ बजेको समयमा जाहेरवालाको पति राजु गुरुङ पनि केही समय सरिक भई अन्दाजी रातको ११:३० बजेको समयमा सो नाचगान बन्द गरी आ-आफ्नो घर फर्कने क्रममा आफ्नी श्रीमतीले देवर देवरानीसँग आउँछु भनेकोमा अहिले नै हिँड भनी भनेको, मृतकले किन झगडा गरेको भनेकोमा तँ किन बाठो हुन्छस् भनी भन्दा निजले गाली गरेजस्तो लागेको, बाटामा जाँदा निजले पिछा गर्दै आई न्याकेकोले यसलाई नमारी भएन भनी दगुर्दै गई घरबाट कर्द ल्याई झुक्याई पेटमा कर्दले रोपी मारें भन्ने उल्लेख गरेको देखिन्छ। अदालतमा बयान गर्दा घटनाक्रमलाई सिलसिलेवार रूपमा बताउँदै अनुसन्धान अधिकारीसमक्ष कर्द प्रहारबाट राजु गुरुङलाई मारेको भनी लेखाई दिई सहिछापसमेत गरी दिएको भन्नेसमेत उल्लेख गरी कसूर गरेमा पूर्णतः सावित भएको देखिन्छ। शव परीक्षण प्रतिवेदन हेर्दा बाह्य परीक्षणमा पेटको दाहिने भागमा रोपिएको (Stab wound over the Rt. side of abdomen) भन्ने देखिई मृत्युको कारण कलेजो फुटेको (Liver Rupture) भन्ने उल्लेख भएको अवस्थाले प्रतिवादीको बयानमा उल्लिखित मृतकलाई कर्दले रोपेको भन्ने तथ्यलाई जोडेको देखिन आउँछ। मिसिल संलग्न प्रमाणबाट मृतकको मृत्युको अन्य कारण रहे भएको नदेखिएको, प्रतिवादीले मृतकलाई आफूले मारेकोमा साविती बयान गरेको, अदालतमा बकपत्र गर्ने व्यक्तिहरू अमृतबहादुर तामाङ, मोतिलाल तामाङ तथा जाहेरवालाले समेत प्रतिवादीको बयान समर्थित बकपत्र गरेको अवस्थामा मृतकलाई यी प्रतिवादीले नै कर्तव्य गरी मारेको भन्ने सङ्कलित सबूद प्रमाणबाट देखिएको हुँदा निजलाई अभियोग दावीबमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्यूटर सेटिङ्ग : निर्मला भट्ट

इति संवत् २०६९ साल चैत ३० गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** साधक नं. ०६८-RC-०१२४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गोपालबहादुर बराम*

प्रतिवादीकी पत्नी प्रेमकुमारी मिति २०६७।८।१९ देखि हराएको अवस्था भई सोही दिनदेखि निजको खोजतलास भएको र तत्काल फेला नपरेको देखिन्छ। परन्तु प्रतिवादीको घरदेखि करीब ३०० मीटर टाढाको झाडी जस्तो स्थानमा हराएको तेस्रो दिन चिलाउनेको रुखको हाँगामा पासो लागेको अवस्थामा लास फेला परेको देखिन्छ। मृतक हराएपछि खोजतलासको क्रममा हराएको तेस्रो दिनमा पहिले खोजतलास गरेकै ठाउँमा लास फेला परेको अवस्थाले प्रतिवादीले मौकाको बयानमा लास लुकाउने सम्बन्धमा खुलाएको तथ्यगत परिस्थितिसँग स्पष्ट तादात्म्यता राखेको देखिन्छ। पत्नी हराएकी भनी अन्यलाई ढाँटी यी प्रतिवादी काठमाडौँतर्फ हिँडेको अवस्थामा जाहेरवालाले भाइ र काकालाई फोन गरी निजलाई रोक्न लगाएको कारण निज भाग्न नपाएको भन्ने निज जाहेरवालाको बकपत्रबाट समेत देखिन आउँछ। यसरी कसूरमा आफ्नो संलग्नता सम्बन्धमा कतैतिरबाट शङ्का नहोस् र आफूविरुद्धको अनुसन्धानलाई अन्यत्र मोड्न सकियोस् भन्ने अभिप्रायले प्रतिवादीले पत्नीलाई मारी लासलाई आफू सुत्ने कोठाको खाटमुनि लुकाई कोठामा ताला लगाई राखेको र अन्ततः मृतकले आत्महत्या

गरेको भन्ने देखाउन मारेको तेस्रो दिनको बिहानीपख रूखमा झुण्ड्याई मृतकले आत्महत्या गरेको भनी झूठो जाहेरी दरखास्त दिएको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको देखिन आएकोले यी प्रतिवादीलाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः-दीपककुमार दाहाल

कम्प्यूटर सहयोगीः निर्मला भट्ट

इति संम्वत् २०६९ साल चैत ३० गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-WO-०००२, उत्प्रेषणसमेत, *माधवेश्वर पाठक वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालयसमेत*

अमुक सेवा वा समूहका लागि चाहिने विशेष प्रकारको योग्यतालाई आधार मानी कुनै पनि पदको सिर्जना हुनसक्ने हुँदा त्यस्तो वाञ्छनीय योग्यता किटान गरी सिर्जना गरिएका पदको पदपूर्ति पनि सोही योग्यता प्राप्त गरेको जनशक्तिबाट मात्र हुनसक्ने हुँदा पदको आवश्यकतालाई नै ध्यानमा राखेर शैक्षिक योग्यताको निर्धारण गरिएको हुन्छ । कुनै विशिष्टीकृत सेवा वा समूहका लागि आवश्यक पर्ने शैक्षिक योग्यताको निर्धारण कानूनद्वारा तोकिएबमोजिम हुने तथा सोको निर्धारण गर्नसक्ने स्पष्ट अधिकार पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्ने निकायको रूपमा रहेको लोकसेवा आयोगलाई कानूनले नै प्रदान गरेको देखियो । यस्तो अवस्थामा लोकसेवा आयोगले यी निवेदकको न्यूनतम् शैक्षिक योग्यताको विषयलाई लिएर निवेदकको दर्खास्त एवं परीक्षासमेत रद्द गर्ने गरी गरेको निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान देखिन नआउने ।

निजामती सेवा ऐन, २०४९ को दफा ७(१०) मा उपदफा ७ बमोजिम छुट्याइएको पदमा जुन वर्षको लागि विज्ञापन भएको हो सो वर्ष हुने विज्ञापनमा उपयुक्त उम्मेद्वार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नुपर्नेछ र त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएको देखिन्छ । प्रस्तुत विज्ञापन लोकसेवा आयोगको आर्थिक वर्ष २०६७/०६८ को सहायक अनुसन्धान अधिकृत /सहायक वैज्ञानिक अधिकृत, वन, बोटानी समूहअन्तर्गतको निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) (ग) बमोजिमको विज्ञापन भई पहिलो पटक विज्ञापन माग गरिएको र सो पदमा उम्मेद्वार यी निवेदकको शैक्षिक योग्यता नै अपुग भई सो विज्ञापनअनुसारको योग्यता नभएबाट यी निवेदकको उम्मेद्वारी तथा निजले दिएको परीक्षा नै रद्द भई पुनः सोही समुदायको लागि नै विज्ञापन हुनसक्ने देखिन्छ । यस्तो अवस्थामा रिट निवेदकले निवेदनमा उल्लेख गरेजस्तो मधेशी कोटाअन्तर्गतको विज्ञापित पदबमोजिम उम्मेद्वारको परीक्षा रद्द भएमा उक्त मधेशी कोटाको पद खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश हुन जान नसक्ने भई प्रचलित संविधान तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) ले परिकल्पना गरेको समावेशीताको सिद्धान्तलाई निस्तेज पार्न सक्ने अवस्थासमेत देखिन नआउने ।

निवेदकले दावी गरेको विज्ञापित पदका लागि वनस्पती विज्ञान लिई विज्ञानमा स्नातकोपाधि हासिल गरेको हुनुपर्ने गरी शैक्षिक योग्यता तोकिएकोमा निवेदकले सूक्ष्म-जीवविज्ञान लिई विज्ञानमा स्नातकको उपाधि हासिल गरेको देखिएको भै लोकसेवा आयोगले तोकिएको न्यूनतम् शैक्षिक उपाधि विद्यमान नरहेको भनी निवेदकको परीक्षासमेत रद्द गरेको कुरामा कुनै कानूनी त्रुटि विद्यमान नभएकोले यी रिट निवेदकको हकमा निजको परीक्षा नै रद्द गर्ने गरी लोकसेवा आयोगबाट मिति २०६८।३।२७ मा भएको निर्णय बदर गरिरहनु परेन । तसर्थ निवेदकको

मागबमोजिमको आदेश जारी गर्न नमिली प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल फागुन ३० गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६८-WO-०००१, उत्प्रेषणयुक्त परमादेशसमेत, *माधवेशकुमार पाठकसमेत वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-WH-००५७, बन्दीप्रत्यक्षीकरण, *चन्द्रप्रभात श्रेष्ठको हकमा तिलकबहादुर पाण्डे वि. कारागार कार्यालय, जगन्नाथदेवल, काठमाडौंसमेत*

काठमाडौं जिल्ला अदालतको मिति २०६९।३।५ को फैसलाले सरकारी छाप दस्तखत कीर्ते मुद्दामा चन्द्रप्रभात श्रेष्ठलाई ठहऱ्याएको कैद र जरीवानाउपर निजले पुनरावेदन नगरी बसी सो फैसलाउपर पुनरावेदन नपरेकोले उक्त फैसला अन्तिम रहेको देखिन्छ । उक्त सरकारी छाप दस्तखत कीर्ते मुद्दाबाट थप कैद गरेकोले सो कैद असूल गर्नु नपर्ने भन्न नमिल्ने देखिँदैन । लागू औषध मुद्दाबाट लागेको कैद असूल हुदैमा त्यसपछि किनारा भएको सरकारी छाप दस्तखत कीर्ते मुद्दाबाट लागेको कैद मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को अन्तिम वाक्यांशको रोहमा सो कैद असूल गर्न नपर्ने भनी अर्थ गर्न तथा सो कैद पनि लागू औषध मुद्दाको कैद सँगसँगै व्यतीत भएको भन्न मिल्ने नदेखिने ।

कानूनबमोजिमको फैसलालाई चुनौती नदिई चित्त बुझाई कानूनबमोजिम भएको फैसला र सो फैसलाबमोजिमको कैदी पूर्जी कार्यलाई स्वीकार गरी बसी त्यस्तो कानूनबमोजिमको थुनालाई गैरकानूनी भन्न मिल्ने हुँदैन । बन्दीप्रत्यक्षीकरणको आदेश मूलतः कुनै व्यक्तिलाई कुनै निकायको वा व्यक्तिको कारण निजलाई गैरकानूनी रूपमा थुनामा राखेको अवस्था विद्यमान देखिएमा वा त्यस्तो थुना गैरकानूनी देखिएको अवस्थामा मात्र बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनसक्छ । थुनामा राखिएको व्यक्तिलाई बिना कुनै आधार कारण वा कानूनको रीत नपुऱ्याई राखिएको र त्यस्तो थुना गैरकानूनी देखिएको अवस्थामा मात्र जारी हुनसक्ने हो । कानूनबमोजिमको प्रक्रिया पूरा गरी तथा कानूनले तोकेको रीत तथा विधि पुऱ्याई राखिएको थुना वा त्यस्तो आदेश वा कार्यान्वयनको अवस्थालाई गैरकानूनी मान्न नमिल्ने ।

कानूनबमोजिम भएको काठमाडौं जिल्ला अदालतको मिति २०६९।३।५ को फैसलाबमोजिमको कैदी पूर्जीबमोजिम कैदमा रहेको, काठमाडौं जिल्ला अदालतबाट यी रिट निवेदकसमेत भएको सरकारी छाप दस्तखत कीर्ते मुद्दामा कानूनबमोजिम भएको फैसला र सो फैसलाबमोजिमको संशोधित कैदी पूर्जीबमोजिमको थुनालाई अन्यथा भन्नसमेत मिल्ने देखिएन । अतः फैसलाबमोजिमको संशोधित कैदी पूर्जीअनुसारको थुनालाई अन्यथा भन्न नमिल्ने तथा निवेदकको थुनालाई गैरकानूनी भन्न मिल्ने नदेखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल फागुन ३० गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६६-CR-०४९९, कर्तव्य ज्यान, *मन्दरीदेवी विष्ट वि. नेपाल सरकार*

भौतिक सबूदहरू घटनास्थलमा सङ्कलन गर्दाका अवस्थामा परीक्षण गर्नको लागि परीक्षण गरिने वस्तु सही ढङ्गबाट नराखेको कारणबाट त्यस्तो पदार्थमा फङ्गल (ब्याक्टेरिया भाइरस) जीवाणु उत्पन्न भई भौतिक सबूद नष्ट भई परीक्षणकालको

नतिजा आउन नसक्ने पनि हुन्छ । मृत्युको कारण परीक्षण प्रतिवेदनमा खुल्न नआए पनि सो प्राविधिक कारणलाई मात्र आधार बनाई दोषीलाई निर्दोष सावित गर्न र प्रमाणको रूपमा अकाट्य आधार मान्न सकिँदैन । घटनासम्बन्धमा अन्य प्रमाणहरू पनि मूल्याङ्कनका आधार हुन्छन् । तथ्यगत, तर्कसङ्गत् र Circumstantial Fact लाई इन्साफ गर्दाको अवस्थामा नजरअन्दाज गर्न मिल्दैन । Chemical Analysis समेत विष प्रयोग भएको नभेटिएकाले आफू निर्दोष रहेको भन्ने प्रतिवादीको जिकीर उपरोक्त तथ्य र प्रमाणले निजलाई सहयोग गर्नसक्ने अवस्थासमेत नहुँदा प्रतिवादी मन्दरीदेवी विष्टले आफ्नी सौता जसुदादेवी विष्टको चार महिनाको छोरा कृष्णबहादुर विष्टलाई विष खुवाई मारेको शङ्कारहित तवरबाट पुष्टि हुन आएकोले ज्यानसम्बन्धी महलको १/९ नं. को कसूरमा ऐ.को १३(२) अनुसार निज प्रतिवादी मन्दरीदेवी विष्टलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल चैत ५ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-WO-०७४१, उत्प्रेषणयुक्त परमादेश, *महेशबहादुर सिंह वि. मालपोत कार्यालय, ललितपुरसमेत*

रिट निवेदकले ललितपुर जिल्ला अदालतमा दर्ता गरेको २०६९।०७० को दे.नि.नं. १२२१ को करारको दायित्त्व पूरा गरिपाऊँ भन्ने मुद्दाको मिसिल अवलोकनको लागि झिकाइएकोमा रिट निवेदकले दावी लिएबमोजिमको पाउनु पर्ने रकम प्रतिवादीबाट बुझी लिई मिलिसकेको भनी मिति २०६९।१२।१८ मा मिलापत्र भएको र सो मुद्दाको सन्दर्भमा रोक्का राखिएका जग्गाहरू फुकुवा गर्न लेखी पठाइएको देखियो । यसरी जुन विषयवस्तुको सन्दर्भमा रिट निवेदन परेको हो सो विषयवस्तुको सान्दर्भिकता नै अब नरहेको स्थितिमा अन्तरिम आदेश जारी गर्नुपर्ने वा नपर्ने भन्नेतर्फ छलफल गरिरहनुको औचित्य देखिन आएन । रिट निवेदनको सान्दर्भिकता नै नरहेको यस स्थितिमा प्रस्तुत मुद्दा अन्तरिम आदेशको छलफल सन्दर्भमा पेश भएको अवस्था भए पनि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(४) बमोजिम निर्णय गरिदिन बाधा नपर्ने भएको देखिँदा रिट निवेदनको माग दावीको विषय समाप्त भएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल चैत २५ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको पुनरावेदन नम्बर ०६५-WO-०८५१, उत्प्रेषणयुक्त परमादेश, *गोकुल खत्री वि. मालपोत कार्यालय, ललितपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६६-CR-०४२२, ०४७४, कर्तव्य ज्यान, *धनसिंह बोहोरासमेत वि. नेपाल सरकार नेपाल सरकार वि. धनसिंह बोहोरासमेत*

मृतक र प्रतिवादी गाउँघरका छिमेकी भएका, बिना रिसइबी सँगै बसी रक्सी मासुसमेत खाएका, मृतकलाई रक्सीको नशा बढी भएको र निजहरू एकैसाथ एउटै बाटोबाट घरतर्फ जाँदै गर्दा मृतकले प्रतिवादीहरूलाई गालीगलौज गरेकाले तत्काल उठेको रिसका कारणले मृतकको टाउकोलगायतका शरीरका विभिन्न भागमा ढुङ्गा, लात्ता, मुड्कीसमेतले कुटपीट गरेको र सोही चोटका कारणले मृतकको मृत्यु भएको देखिन्छ । मृतकले प्रतिवादीहरूलाई रक्सीको नशामा गालीगलौज गर्नुपूर्व निजहरूबीच रिसइबी रहेको र मृतकलाई मार्नुपर्नेसम्मको कुनै कारण रहेको देखिँदैन ।

प्रतिवादीहरूले मृतकलाई मार्न प्रयोग गरेको हतियार जोखिमी हतियार नभई सामान्य ढुङ्गा, लात्ता, मुक्का जस्ता वस्तुले प्रहार गरेको देखिँदा प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कसूर गरेको देखिन आएकोले निजहरूलाई सोही नं. बमोजिम जनही १०(दश) वर्ष कैद हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल चैत ५ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-१२३०, उत्प्रेषण, परमादेश, *रामजी थापा वि. नेपाली जङ्गी अड्डा, भद्रकाली, काठमाडौंसमेत*

रिट निवेदक लामटाङ राष्ट्रिय निकुञ्जको गणपति भएको निजले उक्त गणको गणपतिका हैसियतले उक्त संगठनको कुशल नेतृत्वसहित राष्ट्र सेवामा समर्पित हुन वाञ्छनीय हुन्छ । सेनाजस्तो जिम्मेवार र अनुशासनसित संगठनका नेतृत्व सम्हाल्ने व्यक्तिले अन्य कुनै निकाय वा व्यक्तिको निर्देशनकै भरमा त्यस्तो आदेश दिनु कर्तव्यप्रति सचेत रहेको भनी भन्न नसकिने ।

सेनाको अनुशासन तथा आचरण निकै संवेदनशील विषय हुने र सेनामा संलग्न सैनिक अधिकृतको भूमिका राष्ट्रको सुव्यवस्था कायम राख्नमा अत्यन्त महत्त्वपूर्ण हुने हुन्छ । आफ्नो कर्तव्य पालना गर्दा कुनै पनि प्रकारका अवाञ्छित गतिविधि वा गैरकानूनी क्रियाकलाप हुन लागेमा वा भएमा त्यसलाई मूकदर्शक भै हेर्न वा सुरक्षासँग सम्बन्धित विषयलाई नजरअन्दाज गर्न मिल्ने हुँदैन । सम्बन्धित गणको गणपतिका हैसियतमा सेनाको पदमा कार्यरत् अधिकृतबाट रक्तचन्दन जस्तो जैविक विविधताको वस्तु संरक्षण गर्नुको सट्टा त्यस्ता वस्तु ओसारपसारको कार्यमा संलग्न कसूरदारलाई उन्मुक्ति दिने हिसाबले आफ्नो कार्यक्षेत्रभित्र प्रवेश गरेका सवारी साधनलाई राम्रोसँग जाँच गर्ने मातहतका राष्ट्रसेवकलाई निर्देशन दिनुको सट्टा सहजै पार गर्न दिनु भनी निर्देशन दिनु सुव्यवस्था तथा सैनिक अनुशासन कायम राखेको र ओहदाअनुसारको आचरण गरेको भनी अर्थ गर्न नमिल्ने ।

रिट निवेदकले रक्तचन्दन बोकेको ट्रकका सम्बन्धमा आफ्नो कार्यक्षेत्रमा सो ट्रक प्रवेश गरेपछि राम्रोसँग चेक जाँच गर्न निर्देशन दिनुको सट्टा डि.एस.पी. साहेबले भनेकै आधारमा गाडि छाडी दिनु भन्ने निर्देशन दिनु आफैँमा शोभनीय देखिन आएन । तथापि निजको भूमिकाका कारण शुरू समरी जनरल अदालतबाट भएको २ वर्ष कैद सजाय चर्को पर्ने नै देखिएबाट सो २ वर्ष कैदलाई घटाई ६ महिना कैद हुने ठहऱ्याई भएको सैनिक विशेष अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

रिट निवेदकले सैनिक अदालतको गठनको विषयलाई समेत चुनौती दिएको रिट निवेदन व्यहोराबाट देखिन्छ । सैनिक ऐन, २०६३ को दफा १४३(२) को व्यवस्था हेर्दा सैनिक अदालतको गठन, विघटन, स्थगन, चालु गर्ने अधिकारक्षेत्र, कार्यविधि तथा मुद्दा सकार गर्ने र दोहोऱ्याउने ठहर वा सजाय कार्यान्वयनका विषयका अतिरिक्त उक्त उपदफामा उल्लिखित विषयमा नियम बनाउन सक्ने व्यवस्था भएबाट उक्त ऐनको दफा १४३(२) बमोजिमको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी सेनासम्बन्धी विषयहरूमा बनाइएका नियम र सो नियमका आधारमा गठित अदालतबाट भएका कामकारवाहीलाई अन्यथा भन्न नमिल्ने ।

सैनिक ऐन, २०६३ को दफा १४३(ङ) ले अदालतको अधिकारक्षेत्रबारे पनि नियमद्वारा व्यवस्थित गर्न बोलेको देखिएको र कार्यविधिमा मात्रै नियम बनाउन पाउने भनी भन्न मिल्ने भएन । नियमावलीले नै २ जना भै इजलास गठन गरेकोमा तथा यी निवेदकले नियमावलीलाई नै असंवैधानिक भनी चुनौती दिएको नभै

नियमावलीबमोजिम गठित इजलासको फैसलालाई मात्र चुनौती दिएको र निजले चुनौती दिएको फैसला कानूनतः त्रुटिपूर्ण नदेखिएको यस्तो अवस्थामा यी रिट निवेदकले उक्त अदालतको गठनसम्बन्धी विषयलाई लिएर उठाएको आपत्तिलाई वस्तुनिष्ठ मान्न नसकिने हुँदा रिट निवेदकको हकमा सेवाबाट अवकाश दिने ठहऱ्याई निजलाई सैनिक ऐन, २०६३ बमोजिम ६ महिना कैद गर्ने गरी सैनिक विशेष अदालतबाट भएको फैसलाले यी निवेदकको संविधानद्वारा प्रदत्त मौलिक हक हनन् भएको अवस्था विद्यमान नदेखिँदा उक्त सैनिक विशेष अदालतबाट भएका फैसला उत्प्रेषणको आदेशले बदर गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल वैशाख ९ गते रोज २ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** मुद्दा नं. ०६७-WO-०४८४, उत्प्रेषणयुक्त परमादेशसमेत, *मोहन नेपाली वि. मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेतसमेत*

अनुशासन, मर्यादापालना एवं कर्तव्यनिष्ठताले अति नै महत्त्व राख्ने प्रहरी संगठनमा निवेदकले ऐन, कानून तथा अनुशासनको तेजोबध गरी आफू कार्यरत् आफूभन्दा जेष्ठ सदस्य एवं कार्यालय प्रमुख र अन्य प्रहरी अधिकृतहरूलाई बन्धक बनाउने तथा सशस्त्र विद्रोह कार्यमा संलग्न रहेको देखिन्छ । राष्ट्र र राष्ट्रबासीको सुरक्षार्थ अहोरात्र खटिनुपर्ने प्रहरी कर्मचारीबाट भएका यस प्रकृतिका कार्य अनुशासनहीन, गैरजिम्मेवारपूर्ण मात्र नभै ऐन नियमविपरीत भै कारवाहीयोग्य नै देखियो । यस प्रकृतिका कार्यलाई नरम दृष्टिकोणले हेर्न मिल्दैन र सकिँदैन पनि । यस्ता अनुशासनहीन, गैरकानूनी र उच्छृङ्खल कार्यलाई बढावा दिँदै जाने हो भने अनुशासनहीनता मौलाउन गई कालान्तरमा यस्ता निकायहरू निकम्मा हुन पुगी अन्त्यमा जनताको जीउ धन नै खतरामा पर्दछन् । दण्डहीनता चरम उत्कर्षमा पुगी समाजमा मत्स्य न्यायको स्थिति सिर्जना हुन पुग्दछ । आजको २१ औं शताब्दीमा यस्तो अप्रिय डरलाग्दो अवस्थाको एक सभ्य राष्ट्रमा सोच्न पनि सकिँदैन । अतः ऐन, नियमको बर्खिलाप कार्य गरी अनुशासन तोडेको आरोपमा निवेदकलाई भएको कारवाही र सो कारवाही सदर भैसकेको अवस्थामा सो कारवाहीमा त्यस्तो गम्भीर त्रुटि रहेभएको नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल जेठ ६ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- मुद्दा नं. ०६७-WO-०४८३, उत्प्रेषणयुक्त परमादेशसमेत, *विर्खबहादुर बोहरा वि. मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेतसमेत*
- मुद्दा नं. ०६७-WO-०४८५, उत्प्रेषणयुक्त परमादेशसमेत, *हेमराज जैसी वि. मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय, सुर्खेतसमेत*

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** मुद्दा नं. ०६५-WO-०३४०, उत्प्रेषण, परमादेशसमेत, *अरूणकुमार सिंह वि. दुर्गा माध्यमिक विद्यालय, बरेवा बारासमेत*

मौकैमा स्वेच्छिक अवकाश बुझी सोबापत निश्चित् रकमसमेत बुझी अवकाश निर्णयलाई यस अदालतमा रिट निवेदनमार्फत चुनौती दिँदासमेत यस अदालतबाट निजलाई दिइएको अवकाशमा कुनै त्रुटि नदेखी मान्यता दिई रिट निवेदन खारेज हुने गरी निर्णय भएको अवस्थामा यी निवेदकको हकमा लागू नै हुन नसक्ने शिक्षा

मन्त्रालय र कर्मचारी परिषद्बीचको सम्झौताको आधार देखाउँदै गरिएको पुनर्नियुक्तिले सो हदसम्म वैधताको कसीमा खरो उत्रन नसक्ने हुँदा विद्यालय व्यवस्थापन समितिले निजलाई अवकाश दिने गरी भएको निर्णयमा कुनै त्रुटि विद्यमान रहे भएको देखिन आएन । विद्यालयले स्वेच्छाले निजलाई काममा लगाउनु एउटा कुरा हो तर सम्झौताको आधारमा हक सिर्जना भएको छ भन्ने निवेदन जिकीर स्वयंमा उचित देखिँदैन । संविधान तथा कानूनद्वारा सिर्जित हकमा आघात पुऱ्याएको अवस्थामा मात्र प्रस्तुत उपचारको मार्ग आकर्षित हुने हो । निजको पछिल्लो नियुक्ति नै कानूनको दृष्टिमा स्वच्छ र वैधानिक नदेखिएको अवस्थामा अस्वस्थ तवरले सिर्जित अवसरको सिर्जना भएको मान्न मिल्ने देखिँदैन । स्वेच्छिक अवकाश लिएका कर्मचारीको हकमा समेत त्यस्तो सम्झौता स्वयं कानून पनि होइन । विवाद समाधानमा यसले अवश्य सहयोग पुऱ्याउँदछ तर यसले वैधानिकता प्राप्त गर्नको लागि सरकारले आफ्नो ऐन, नियममा सुधार तथा परिवर्तन गरी वैधानिकीकरण गर्नुपर्दछ, अन्यथा सम्झौताले वैधानिकता ग्रहण गर्न नसक्ने ।

पहिले नै स्वेच्छिक अवकाशका आधारमा सुविधासमेत लिई पदमुक्त भएका निवेदकले मौकैमा उक्त अवकाशलाई यस अदालतमा चुनौती दिँदासमेत निवेदन खारेज भै उक्त अवकाश कायमै रहेको अवस्थामा सो तथ्यलाई लुकाई आफ्नो हकमा लाग्नै नसक्ने कानूनले नचिनेको सम्झौता निवेदकको हकमा आकर्षित नै नदेखिएकाले निवेदकलाई हटाउने गरी भएको निर्णयमा कुनै त्रुटि विद्यमान नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०७० साल जेठ ६ गते रोज २ शुभम् ।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** रिट नं. ०६४-WO-०७७६, उत्प्रेषणयुक्त परमादेश, *रामप्रसाद पराजुली वि. सामान्य प्रशासन मन्त्रालयसमेत*

निवेदक २०२८ सालमा विकासतर्फको सेवामा प्रवेश गरेको तथ्य निर्विवाद छ । २०२८ सालमा विकासतर्फ सेवा प्रवेश गरेको कर्मचारीलाई निवृत्तिभरण प्रयोजनको लागि निजको विकासतर्फको सेवा अवधिलाई निजामती सेवा नियमावली, २०५० को नियम १२३(१)(ख) ले गणना गर्न रोक लगाएको छ । निवेदकले निवृत्तिभरण पाउन नपुग अवधिसमेत थप माग गरेको भए पनि त्यसको कानूनी आधार देखाउन सकेको पाइएन । साथै निवेदकले माग गरेबमोजिम विकासतर्फको सेवा अवधि गणना नगर्ने गरी गरिएको निर्णयले कुन कानूनको त्रुटि भएको वा कुन कानूनको पालना नभएको भन्ने पनि निवेदकले खुलाउनसमेत सकेको पाइएन । कानूनको त्रुटि भएको नदेखिएको अवस्थामा असाधारण अधिकारक्षेत्रबाट कसैको नोकरी अवधि जोड्ने वा निवृत्तिभरणको प्रयोजनको लागि नपुग अवधि थपिदिनु भनी आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०७० साल वैशाख ३१ गते रोज ३ शुभम् ।

१७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** पुनरावेदन नं. ०६८-CR-१०६०, नागरिकता बदर, *उपप्रधानमन्त्री एवं गृहमन्त्री विजयकुमार गच्छदार वि. जमुना राउत कुर्मी*

प्रचलित कानूनले निर्णय गर्ने अधिकार नदिएको विषयमा नभएको अधिकार प्रयोग गरी गरिने कार्यको परिणाम स्वभावतः शून्य हुन्छ । नेपाल सरकारले ग्रहण गर्नुपर्ने अधिकारक्षेत्र ग्रहण गरी नेपाल सरकारका गृहमन्त्रीलाई नागरिकताको

प्रमाण पत्र बदर गर्ने अधिकार रहेभएको कानूनतः देखिन नआएको अवस्थामा सो विवादको निरूपणको विषय अधिकारप्राप्त मन्त्रिपरिषद्मा पेश नगरी निजले प्रत्यर्थीको नागरिकताको प्रमाणपत्र बदर गर्ने गरेको निर्णयले वैधानिकता प्राप्त गर्न नसक्ने ।

पुनरावेदन अदालतले यी प्रत्यर्थीलाई नेपाली नागरिकबाट हटाउने र निजले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाण पत्र बदर गर्ने गरी भएको उपप्रधानमन्त्री तथा गृहमन्त्रीस्तरीय मिति २०६५/१२/१८ को निर्णय अधिकार नभएको भनी बदर गरे पनि अधिकारप्राप्त मन्त्रिपरिषद्मा पेश गर्ने र अधिकारवालाको तत्सम्बन्धमा निर्णय गर्ने अधिकार सुरक्षित रहेको भन्ने देखिँदा अधिकारवालाले निर्णय गर्नुपूर्व नै प्रत्यर्थीले प्राप्त गरेको नागरिकताको प्रमाण पत्र सदर गर्नु वा बदर गर्नु सान्दर्भिक नरहने हुनाले त्यस्तो विषयमा बोलिरहनु आवश्यक हुँदैन । तर, पुनरावेदन अदालतले नागरिकता बदर गर्ने अधिकार नभएको भनी निर्णय गरी विवादित नागरिकतालाई सदर गरेको अवस्थाले विवादित नागरिकताको वैधानिकतासम्बन्धी विषयमा कानूनबमोजिम निर्णय गर्न पाउने नेपाल सरकारको अधिकारमा रोक लाग्न गएको स्पष्टै देखिँदा विवादित विषयमा अधिकारप्राप्त मन्त्रिपरिषद्मा पेश गर्नुपर्ने भनी ठहर गर्नुपर्नेमा प्रत्यर्थीको नागरिकताको प्रमाण पत्र सदर कायम हुने ठहऱ्याएको फैसलाको वाक्यांश कायम नरही उपरोक्तबमोजिम गर्न पुनरावेदक वादी पक्षलाई लेखी पठाउनु पर्ने भई सो असान्दर्भिक वाक्यांशबाहेक मिति २०६५।१२।१८ को पुनरावेदन अदालतास, पाटनको फैसला सदर हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल वैशाख ३१ गते रोज ३ शुभम् ।

- यसै लगाउको रिट नं. ०६६-WO-००९५, उत्प्रेषणयुक्त परमादेश, प्रतिषेध, *रामरेश राउत कुर्मीसमेत वि. जमुना राउत कुर्मीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** मुद्दा नं. ०६८-WO-०१६०, उत्प्रेषणयुक्त परमादेश, प्रतिषेधसमेत, *धनप्रसाद पौडेल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

निवेदकलाई पदबाट हटाउँदा प्रदान गरिएको अवकाशपत्र हेर्दा नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०६८।५।२ को निर्णयानुसार निजलाई नेपाल स्वास्थ्य व्यवसायी परिषद्को रजिष्ट्रार पदबाट अवकाश दिइएको छ भन्ने व्यहोरा उल्लेख भएको पाइयो । पदमुक्त गर्दा के कुन आरोपमा किन हटाउनु पऱ्यो भन्ने सम्बन्धमा अवकाश पत्र तथा निर्णयमा केही उल्लेख भएको देखिँदैन । प्राकृतिक न्यायको सिद्धान्तको प्रयोग गरी निजलाई सफाइको मौका दिई निजको कुरा सुनिएको देखिँदैन । कसैको विरूद्धमा निर्णय गर्दा उसको कुरा सुन्नुपर्ने भन्ने न्यायको सिद्धान्तको न्यूनतम् मान्यता पनि अनुशरण गरेको देखिँदैन । आफैँले निश्चित् पदावधि स्वीकार गरी नियुक्ति गरेपछि बिनाकारण स्वेच्छाले निश्चित विधि प्रक्रियाको अवलम्बन नगरी नियुक्तिकर्ताले पदावधि समाप्त हुनुपूर्व कसैलाई पनि हटाउन नसक्ने ।

प्राकृतिक न्यायको सिद्धान्तविपरीत निवेदकलाई नियुक्तिबमोजिमको आफ्नो पदावधि बाँकी छँदै सुनुवाइको मौका नै प्रदान नगरी पदमुक्त गर्ने र सो स्थानमा प्रत्यर्थी कुम्भराज खातीलाई नियुक्त गर्ने गरी भएको नेपाल सरकारको मिति २०६८।५।२ को निर्णय एवं २०६८।५।५ को पत्राचार तथा तत्सम्बन्धी सम्पूर्ण कामकारवाही त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदक मिति २०६६।७।९ मा चार वर्षको लागि नियुक्त भएको देखिँदा सो मितिले बाँकी अवधिसम्म

यथावत्‌रूपमा साविककै पद र जिम्मेवारीमा कामकाज गर्न दिनु भनी प्रत्यर्थीहरूको नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०७० साल जेठ ८ गते रोज ४ शुभम् ।

१९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** मुद्दा नं. ०६८-WO-०७६०, उत्प्रेषणयुक्त परमादेश, प्रतिषेधसमेत, *गणेशप्रसाद आचार्य वि. नेपाल स्वास्थ्य व्यवसायी परिषद् बाँसबारी, काठमाडौंसमेत*

निवेदकले आफूलाई यति वर्षको लागि नियुक्ति गरिएको हो भन्ने पुष्टि हुने कुनै कागज प्रमाण पेश गर्न सकेको देखिँदैन । निजको मनोनयन पत्र, कानूनी व्यवस्था तथा मनोनयनसम्बन्धी निर्णयमा निवेदकलाई निदान विषय समितिको सदस्य पदको पदावधि तोकेको देखिँदैन । यसरी कानूनमा पदावधि स्पष्ट छैन र पद स्वीकार्ने व्यक्तिले पनि अवधि नतोकिएकै अवस्थामा कुनै पदको जिम्मेवारी स्वीकारिन्छ भने यति नै पदावधि हुनुपर्दछ भनेर कुनै पनि तर्क जायज हुन नसक्ने हुँदा निवेदकले सो सम्बन्धमा दावी गर्ने अधिकार पनि राख्न सक्दैनन् । आफूले स्वेच्छाले स्वीकारेको शर्तमा बस्नु उनको दायित्त्व नै हो । यस्ता अस्थायी प्रकृतिका विषय समितिमा आवश्यकताअनुसार गठन र विघटन भैरहन सक्ने नै हुन्छ । परिषद्‌ले आवश्यकताअनुसार गठन र विघटन हुनसक्ने यस प्रकृतिका सदस्यको पदावधिसमेत परिषद्‌सरह नै हुन्छ भन्नु तर्कसङ्गत तथा न्यायोचित् नहुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०७० साल जेठ ८ गते रोज ४ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९ सालको रिट नं. ०६९-WO-००६४, उत्प्रेषणयुक्त परमादेश, *नमीता न्यौपानेसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबारसमेत*

कोशी अञ्चल अस्पताल विकास समितिको सदस्य पदमा नेपाल सरकारले थपघट वा हेरफेर गर्न सक्ने नसक्ने के रहेछ भनी सो सम्बन्धी कानूनी व्यवस्थालाई हेर्दा कोशी अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४३ को दफा ५ मा नेपाल सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत व्यवस्थाअनुसार उक्त सदस्य पदमा नेपाल सरकारले थपघट वा हेरफेर गर्न सक्ने नै देखिने ।

नेपाल सरकारबाट नेपाल राजपत्रमा प्रकाशित सूचनालाई हेर्दा केवल दुईजना सदस्यहरू मनोनीत गरी सदस्यहरू थपघट वा हेरफेर गरेको भन्ने कुरा मात्र उल्लेख गरेको पाइयो । यस्तो अवस्थामा निवेदकहरूलाई नेपाल सरकारको अन्य कुनै निर्णय वा पत्रले हटाइएको भन्ने अवस्था नदेखिएको र नेपाल राजपत्रमा प्रकाशित उक्त सूचनामा पनि निवेदकहरूलाई हटाइएको भन्ने उल्लेख नभएकोले निजहरूलाई पूर्व मनोनयन पत्रको विपरीत गरिएको भन्ने अवस्था देखिएन । रिट निवेदकहरूलाई निजहरूको पदावधि समाप्त हुनुअगावै लिखित रूपमा पत्र दिई हटाइएको वा अवकाश दिइएको अवस्थामा बाहेक केवल सदस्यहरू थप गरेको वा हेरफेर गरेको भन्ने कारणले मात्र निजहरूको कानूनी तथा संवैधानिक हक अधिकारमा आघात पुगेको भनी मान्न मिल्ने

देखिएन । यस्तो अवस्थामा नेपाल सरकारबाट नेपाल राजपत्रमा प्रकाशित उक्त सूचनालाई उत्प्रेषणको आदेश जारी गरी शून्य घोषित गरिरहनु पर्ने अवस्था पनि देखिएन । तर, निवेदकहरूलाई कोशी अञ्चल अस्पताल विकास समितिको सदस्यहरूको रूपमा कामकाज गर्न भनी मनोनीत गरिएको सो सम्बन्धमा निवेदकहरूलाई उक्त सदस्यहरूको रूपमा कामकाज गर्न कुनै बाधा व्यवधान नगर्नु नगराउनु भनी यस अदालतबाट अन्तरिम आदेश पनि जारी भैरहेको र सोअनुसार निवेदकहरूले कामकाज गरिरहेको कुरामा समेत विपक्षीतर्फबाट अन्यथा केही भनिएको अवस्था पनि नभएकोले निवेदकहरूलाई मनोनीत गरिएको पदावधिसम्म मनोनयन भएअनुसारकै कार्यमा कार्यरत् रहन पाउने अधिकार सुरक्षित नै रहेको देखिँदा रिट निवेदकहरूलाई सो मनोनीत गरिएको पदमा तोकिएको अवधिसम्मको लागि यथावत् कामकाज गर्न दिनु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्यूटरः विश्वराज पोखरेल

इति संवत २०७० साल असार ९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९ सालको रिट नं. ०६९-WO-११६३, उत्प्रेषणयुक्त परमादेश, रामकिशोर सिंह वि. *प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपाल सरकारको मिति २०६८।६।२६ को निर्णयअनुसार निवेदकलाई बढीमा दुई वर्षको लागि पदावधि किटान गरी गोरखापत्र संस्थान सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्ति गरिएको कुरामा र नेपाल सरकारको उक्त निर्णय गोरखापत्र संस्थान ऐन, २०१९ को दफा ८(३) अनुसार नै भएको कुरामा विवाद छैन । निवेदकलाई त्यसरी नियुक्ति गरिएकोमा निजलाई नेपाल सरकारको मिति २०६९।२।२५ को निर्णयअनुसार अध्यक्ष पदवाट हटाइएको भन्ने निवेदन व्यहोरा, लिखित जवाफहरू एवं मिसिल संलग्न कागजातहरूबाट देखिए पनि निवेदकलाई तोकिएको पदावधि बाँकी छँदाछँदै निजलाई हटाउनु पर्ने कुनै कारण लिखित जवाफहरूका व्यहोराहरू एवं मिसिल संलग्न कुनै कागजातहरूबाट देखिएको छैन । निजलाई हटाउँदा निजमाथि कुनै आरोपसमेत नलगाइएको कुरा विपक्षीहरूबाट प्राप्त लिखित जवाफबाट नै स्पष्ट भैरहेको देखिने ।

नेपाल सरकारको मिति २०६९।२।२५ को उक्त निर्णय प्राकृतिक न्याय एवं मान्य कानूनी सिद्धान्तहरूको विपरीत हुनुको साथै स्वेच्छाचारीसमेत भएको स्पष्ट हुनाले नेपाल सरकारको उक्त निर्णय कायम रहने नदेखिँदा रिट निवेदक रामकिशोर सिंहलाई दुई वर्षको पदावधि निश्चित् गरी नियुक्ति गरिएकोमा पदावधि बाँकी छँदै गोरखापत्र संस्थानको सञ्चालक समितिको अध्यक्ष पदबाट हटाउने गरी गरेको नेपाल सरकारको मिति २०६९।२।२५ को निर्णय र सोपश्चात् दिइएका जानकारी पत्रहरूलगायतका सम्पूर्ण निर्णय एवं पत्राचारहरू कानूनसम्मत् नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकलाई मिति २०६८।६।२६ गते भएको नेपाल सरकारको निर्णयमा तोकिएबमोजिमको निजको पदावधिसम्म काम काज गर्न दिनु, यथावत् काममा लगाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत : हेमबहादुर सेन

कम्प्यूटर सेटिङ्ग : विश्वराज पोखरेल

इति संवत् २०७० साल असार ९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गिरी चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको स.फौ.पु.नं. ०६७-CR-००९५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. वीरबहादुर बोहरा*

प्रतिवादीले मृतकको ज्यान मार्नेसम्मको मनसाय रहेको पनि देखिँदैन, ज्यान लिनुपर्नेसम्मको पूर्व रिसइबी रहेको भन्ने पनि कहीँ कतैबाट देखिन आएको छैन । लुकीचोरीकन हानेको अवस्था पनि देखिँदैन । प्रतिवादीले अदालतमा बयान गर्दा तत्काल के कुन विषयमा झगडा भएको थियो सो कुरा भन्न पनि सकेको अवस्था छैन । केही महिनाअघिदेखि नै मानसिकरूपमा विक्षिप्त जस्तो देखिएका थिए भनी प्रतिवादीका बाबु तथा भाइले लेखाइदिएको अवस्था छ । प्रतिवादीकी आफ्नै श्रीमतीले बिहानपख खुट्टामा तेल लगाउन लागेको अवस्थामा झगडा भई तत्काल उठेको रिसको आवेगमा आई मृतकलाई समाती बाहिर ल्याई फरुवाको बिँडले यत्रतत्र हानेको स्थिति छ र त्यसै मौकामा उल्टो हँसियासमेत प्रयोग भएको भन्ने देखिन्छ । हँसियाको चोटबाट Head injury भएको हो वा फरुवाको बिँडको चोट लागी Head injury भई मरेको हो भन्ने कुरा पनि पुष्टि हुन सकेको छैन । हँसियाको उल्टोतर्फबाट होनेको भन्ने अवस्थाले धार नभएको तर्फको भाग प्रयोग भएको भन्ने देखिएको छ । यस तथ्यबाट हेर्दा हँसियाको धारीलो भाग प्रयोग भएको अवस्था देखिन आएन । फरुवाको बिँडले यत्रतत्र हानेको भन्ने स्वयम् प्रतिवादीको भनाई तथा प्रतिवादीका बाबु र भाइको भनाई रहेको र सो तथ्यलाई लासजाँच प्रकृति मुचुल्कासमेतका प्रमाणहरू र बुझिएका मानिसहरूको कागजसमेतले पुष्टि गरेको अवस्था हुँदा प्रतिवादी बीरबहादुर बोहरालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०७० साल असार १० गते रोज २ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-RC-००७३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गणेश तामाङ*

मृतकको शरीरका विभिन्न भागमा ददारिएको कालो दाग र नीलडाम रहेको भन्नेसमेतको व्यहोरा लास जाँच मुचुल्कामा उल्लेख देखिनाले कुटपीटको वारदात स्थापित भएको देखिन्छ । शव परीक्षण प्रतिवेदनमा भीषेरा परीक्षण हुन आवश्यक छ भनी उल्लेख भै निजको भीषेरा परीक्षण हुँदा 3 The cause of death due to ante–mortem hamorrhage inside the ante–mortem brush areas leading to cardiac arrest" भनी उल्लेख भएकोबाट मृतकको मृत्यु कुटाईको कारण शरीरको भित्री भागमा रगत जमी मुटुले काम नगरेको कारण भएको भन्ने देखिन्छ । सो तथ्यलाई जाहेरवाला, चिकित्सक र कारागारका चौकीदार ऋषिकुमार श्रेष्ठसमेतको बकपत्रबाट पुष्टि भैरहेको देखिएबाट मृतक विनोदकुमार पाठकको मृत्यु यिनै प्रतिवादी गणेश तामाङको कुटाइबाट भएको तथ्यमा विवाद देखिँदैन । लास जाँच मुचुल्कामा कुटपीटका चोटहरू देखिएको, उक्त चोटहरू प्रतिवादी गणेश तामाङले पटकपटक निर्मम तवरबाट पाइपले प्रहार गरेको कारणबाट भएको भन्नेमा विवाद नरहेबाट निजको सो हत्याको आपराधिक कार्य भवितव्य वा आवेशप्रेरित नभई मनसायप्रेरित नै देखिँदा प्रतिवादी गणेश तामाङलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटरः भाष्कर पंज्ञानी
इति संवत् २०७० साल जेठ ३१ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-RC-००७४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नोखबहादुर खत्रीसमेत*

तत्काल केही नगरे आफ्नै ज्यान नरहने किसिमको कुनै घटनामा निजी रक्षाको लागि कुनै काम गर्दा मानिस मर्न पुगेकोदेखि बाहेक पूर्व रिसइबी रहेको भन्दैमा मानिसको ज्यान मार्ने छूट कसैलाई पनि हुन सक्दैन । यस्तो कार्य जोसुकैले गरेको भए पनि जघन्य अपराध नै मानिन्छ । पूर्व रिसइबीको कारणले नै नरेन्द्र गिरीलाई मारेको भनी प्रतिवादीहरू प्रहरीका साथै अदालतमा समेत पूर्णरूपमा सावित देखिन्छन् । आफूहरूले ज्यान मारेको कुराको सही सत्य व्यहोरा सविस्तार लेखाई दिएकै मात्र कारणले मनसायपूर्वक गरिएको जघन्य हत्यामा कसैले सजायमा छूट पाउन नसक्ने ।

प्रस्तुत कर्तव्य ज्यानको आपराधिक कार्यमा आपराधिक मनसाय तत्त्वको विद्यमानता रहे नरहेकोतर्फ हेर्दा प्रतिवादी नोखबहादुरले मृतकलाई मार्ने उद्देश्य लिई अर्को प्रतिवादी कृष्णबहादुरसँग सल्लाह गरी छुरीसमेत साथमा बोकी मृतकलाई नर्सरी जङ्गलमा बोलाई पुरानो रिसइबीको कुरा झिकी, निहुँ खोजी कृष्णबहादुरले मृतकलाई समातेर मार्न संयोग पारी दिएको र नोखबहादुरले साथमा बोकी लगेको छुरीले मृतकलाई प्रहार गरी मारेको भन्ने कुरा निजकै प्रहरी र अदालतको साविती बयानबाट देखिँदा निज नोखबहादुरको ज्यान लिने मनसाय रहेको भन्ने स्पष्टै देखिन्छ । प्रतिवादी कृष्णबहादुर डाँगी पनि प्रतिवादी नोखबहादुरसँग वारदातस्थलमा सँगै गई ज्यान मार्नलाई संयोग पारी दिनको लागि मृतकको जीउमा हात हाली पक्री समाती दिएको कुराको पुष्टि भएको देखिँदा प्रतिवादी नोखबहादुर खत्रीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद र अर्को प्रतिवादी कृष्णबहादुर डाँगीलाई ऐ.को १३(४) नं. बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः भाष्कर पंज्ञानी

इति संवत् २०७० साल जेठ ३१ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-RC-००३२, जवर्जस्ती करणी/ज्यान, *नेपाल सरकार वि. बाउठे भन्ने कृष्णबहादुर नेपाली (दमाई)*

मृतकहरूको योनी च्यातिएको र Sexual assault बाट त्यस्तो हुनसक्ने भन्दै मृत्युको कारणमा Massive brain injury भनी पोष्टमार्टम प्रतिवेदनमा उल्लेख भएको भन्ने देखिएको हुँदा प्रतिवादीको मौकाको बयानलाई थप समर्थन गरेको देखिन्छ । विवेचित यी आधार कारणहरूबाट प्रतिवादी बाउठे भन्ने कृष्णबहादुर नेपालीकै कर्तव्यबाट सपना नेपाली र गंगा नेपालीको मृत्यु भएको भन्ने कुरामा विवाद गर्ने ठाउँ मिसिलबाट नदेखिएको अवस्थामा प्रतिवादी बाउठे भन्ने कृष्णबहादुर नेपालीलाई अभियोग दावीबमोजिम मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ३(१) नं. अनुसार १०(दश) वर्ष र ऐ. ३(२) नं. ले ६(छ) वर्ष र मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०७० साल वैशाख २७ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-CI-०५३४, मोही नामसारी गरी प्रमाणपत्र, *योजीतराज प्रधान नेपाली वि. कार्तिकलाल चौधरी*

वादी पक्षले जग्गाको लगत विवरण भरी बुझाउँदा जग्गा रहेको वडाभन्दा फरक वडामा बुझाएकै मात्र कारणले वर्षौंदेखि जोती कमाई आएको जग्गाबाट मोही हक स्वतः मेटिने भन्न न्यायका दृष्टिले समेत नमिल्ने ।

नेपाली समाज अझै पनि अर्ध-शिक्षित अवस्थामा रहेको पाइनुले आफ्नो हकप्रति सजग

रहनुपर्ने सचेतताको स्तरमा रहेको कमीकमजोरीलाई गरीब तथा निरक्षर जनताको हकमा भएको प्राविधिक त्रुटिलाई मात्र निर्णयाधार बनाउन समन्यायको दृष्टिबाटसमेत त्यति उचित मानिँदैन । १ नं. लगत भरी फरक वडामा बुझाउँदैमा र २ नं. अनुसूचीसमेत फरक वडाबाट प्रकाशित भएको भन्ने प्राविधिक त्रुटिजन्य कारणलाई मात्र आधार बनाई वादी दावीको जग्गाको मोही प्रत्यर्थी वादी होइनन् भन्न न्यायको दृष्टिबाट समेत मिल्दैन । प्रत्यर्थी वादीलाई गाउँ सर्जमीनले समेत वादी दावीको जग्गाको मोही होइनन् भन्न सकेको अवस्था नदेखिँदा जग्गाको लगत भर्दा वडा नं. फरक भएको भन्ने मात्र आधार देखाई फिराद दावी खारेज गर्ने गरेको शुरू भूमिसुधार कार्यालय, सुनसरीको खारेजी फैसला पुनरावेदन अदालत, विराटनगरले उल्टी गरी वादी दावीअनुसार मोही हकको प्रमाणपत्र पाउने ठहऱ्याई मिति २०६६।११।०४।३ मा गरेको फैसला यस अदालतबाट प्रतिपादित नजीर सिद्धान्तसमेतका आधारमा मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

इति संवत् २०७० साल वैशाख २७ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RC-०००६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कुमार भन्ने राजकुमार गोले*

मृतकलाई मार्ने विषयमा मत सल्लाहमा सहमति जनाई अर्का प्रतिवादी डिलबहादुरसँग हतियार बोकी सँगै घटनास्थल अर्थात् मृतकको घर कोठासम्म पुगेको व्यक्तिलाई बिना आधार र तथ्यगत सबूद प्रमाण बेगर निर्दोष हुन् भनी मान्न नमिल्ने । ज्यान मार्ने मनसायले यी प्रतिवादी समेतका प्रतिवादीहरूका बीचमा एक किसिमको षड्यन्त्र भएको भन्ने कुरामा विवाद नरहेको र उक्त षड्यन्त्रबमोजिम नै कार्य सम्पन्न भैसकेको अवस्थामा सबै षड्यन्त्रकारी मूलकर्ता नै हुने फौजदारी विधिशास्त्रीय मान्यतासमेत रहेको परिप्रेक्ष्यमा यी प्रतिवादी राजकुमार गोलेको हकमा शुरू पुनरावेदन अदालतले कायम गरेको कसूर र सजायलाई अन्यथा भन्न नमिल्ने हुँदा प्रतिवादी राजकुमार गोलेलाई अभियोग दावीअनुसार ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

इति संवत् २०७० साल वैशाख २७ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RC-०००९ कर्तव्य ज्यान/जवर्जस्ती चोरी, *नेपाल सरकार वि. नारायण वि.क.*

आरोपित व्यक्तिबाहेक पुजारीलाई अन्य कुनै व्यक्तिले मार्नुपर्ने कुनै रिसइबी रहेको भन्ने कुराको कुनै सबूद प्रमाण मिसिलमा देखिँदैन । प्रतिवादी नारायण वि.क.ले जोगी कहाँ गए भनी मृतकसँग सोद्धा मृतकले तेरो जोगी कहाँ जान्छ मैले हेर्ने ठेक्का लिएको छु र भनी दिएको जवाफले रिसइबी रहेको भन्ने खुल्न आएको देखिन्छ । प्रतिवादी नारायण वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साविती बयानलाई घटनास्थल मुचुल्काको व्यहोराले पुष्टि गरेको देखिन्छ । यी विवेचित आधार र कारणबाट पुजारी मृतक मुक्तिप्रसादलाई रिसइबीको कारण प्रतिवादी नारायण वि.क.ले कर्तव्य गरी मारेको तथ्यको पुष्टि भएको देखिँदा प्रतिवादी नारायण वि.क.उपरको दावी नपुग्ने ठहऱ्याएको शुरू कास्की जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी नारायण वि.क.लाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः भाष्कर पंज्ञानी

इति संवत् २०७० साल वैशाख २७ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RC-००२०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रणदीप गुरुङ*

प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दा श्रीमती गंगादेवी आफ्ना भाइसँग अनैतिकरूपमा लागेको शङ्का गरी आवेशमा आई निजको घाँटीमा खुकुरी प्रहार गरी कर्तव्य गरी मारेको कुरामा सावित भई अभियोग दावीलाई पूर्णरूपले स्वीकार गरेको देखिन्छ । अदालतद्वारा बुझिएकी सिर्जना प्रधानको बकपत्र हेर्दा सोमा निजले वारदात मितिमा घटनास्थलमा जाँदा प्रतिवादी वारदातस्थलमा खुकुरी बोकी उभिरहेको र मृतकलाई भूइँमा लडिरहेको देखेको भनी आफ्नो व्यहोरा लेखाएको अवस्था देखिन्छ । बुझिएकी शान्तिदेवी गुरुङले समेत अदालतमा बकपत्र गर्दा प्रतिवादी आफ्नो छोरा र मृतक बुहारी पहिलेदेखि नै वादविवाद गर्ने गर्थे, प्रतिवादीले बुहारीलाई अघिपछि काट्ने धम्की दिने गर्ने हुँदा छोराले नै बुहारीलाई काटी मारेको हो भनी व्यहोरा लेखाएको देखिन्छ । जाहेरवालाले समेत जाहेरी व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ । वारदातस्थलमा भेटिएको खुकुरी आफूले श्रीमतीलाई मार्न प्रयोग गरेको खुकुरी हो भनी प्रतिवादीले स्वीकार गरेको देखिएको समेतका सबूदजन्य प्रमाण कागजहरूबाट प्रतिवादीकै कर्तव्यबाट गंगाकुमारीको मृत्यु भएको भन्ने कुरामा शङ्का रहेको देखिँदैन । हत्यामा खुकुरी जस्तो जोखिमी हतियारको प्रयोग भएको अवस्थामा प्रतिवादीले घटाएको जघन्य अपराधको घटनामा ज्यानसम्बन्धीको १४ नं. आकृष्ट नहुने हुँदा प्रतिवादी रणदीप गुरुङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

इति संवत् २०७० साल वैशाख २७ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-RC-००९९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुनील शाही*

मृतक शर्मीला शाहीको घाँटीमा दुबै हातका औँलाले च्यापिएको चिन्ह देखिएको भन्ने लास जाँच मुचुल्काबाट देखिन्छ । मृतकको मृत्युको कारणमा Cause of death is asphyxia and multiple traumatic injury भनी शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिन्छ र सो कुरालाई जाहेरी एवं प्रतिवादीको अधिकारप्राप्त अधिकारी तथा अदालतमा भएको साविती बयानले पुष्टि गरेको देखिन्छ । प्रतिवादी सुनील शाहीले मिति २०६७।०२।१३ गते बेलुकी मृतक शर्मीला शाहीको घाँटीमा च्यापी मारेकोमा अधिकारप्राप्त अधिकारीका समक्ष बयान गर्दा सावित रहेर बयान गरेको देखिन्छ । जाहेरवालाले आफ्नो किटानी जाहेरीलाई पूर्णरूपमा नै समर्थन गरी अदालतमा बकपत्र गरेको देखिन्छ । मौकामा कागज गर्ने व्यक्तिहरूले पनि मृतकको आचरणमा शङ्का हुँदा पटकपटक झगडा हुने गरेको र सोही कारण घटना घटेको दिन पनि झगडा हुँदा मृतकको घाँटी च्याप्दा मृत्यु भएको कुरा स्वीकार गरी गरेको प्रतिवादीको बयान व्यहोरासँग मेल खाने गरी आ-आफ्नो व्यहोरा लेखाई दिएको देखिन्छ । घटना विवरणमा कागज गर्ने छत्र शाहीले समेत मृतकलाई निजकै श्रीमान्ले घाँटी च्यापी मारेको हो भनी अदालतमा उपस्थित भई किटानी बकपत्र गरिदिएको अवस्था हुँदा उक्त कर्तव्यपूर्ण हत्यामा निज प्रतिवादी सुनील शाहीकै हात रहेको भन्ने कुरा निर्विवाद रूपले पुष्टि भएको देखिँदा प्रतिवादी सुनील शाहीले आफ्नै श्रीमती शर्मीला शाहीको घाँटी च्यापी कर्तव्य गरी मारेको कुरा पुष्टि भएकोले निजलाई सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः बाबराम सुवेदी

इति संवत् २०७० साल वैशाख २७ गते रोज ६ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CI-११२२, लिखत बदर दर्ता, *यलम्बर हाङ्ग राईसमेत वि. जमुना के.सी.*

लेनदेन व्यवहारको १० नं. र अंशबण्डाको १९ नं. ले अन्य कुराको अतिरिक्त अंशियारले अंश पाउने सम्पत्तिबाट सो सम्पत्ति दर्तावालाको दुराशयका कारणबाट बञ्चित हुनु नपरोस् भन्ने हो । प्रस्तुत मुद्दामा दुबै श्रीमतीको देहान्त भैसकेको विदुर व्यक्तिका वादी दुई छोराबाहेक परिवार कोही नभएको अवस्थामा निज डाक्टरसमेतका पढे लेखेका छोराहरूप्रति द्वेष राखी सम्पत्तिबाट निजहरूलाई बञ्चित गर्ने दुराशय राख्नुपर्ने कारण के थियो वादीहरूले देखाउन सकेको पाईंदैन । पारीत लिखतमा साक्षी नरहँदैमा वा मञ्जूरीको लिखत नहुँदैमा सो लिखत स्वतः बदर हुने होइन । परिवारको मुख्यले घर व्यवहार चलाउन सम्पत्ति बेचबिखनसमेतका माध्यमले हस्तान्तरण गर्न सक्दछ । खान लाउनसमेतका जीवन निर्वाह उपक्रम, औषधोपचार, दान धर्मकर्म, विवाह व्रतवन्धसमेतका सामाजिक कार्य, सन्तानको अध्ययन, भ्रमण, सम्पत्ति मर्मत सम्भार, सुरक्षण, दैनिक खर्च, किनमेल, घुमफिर, समाजसेवा, पर्यटन र बन्द व्यापारसमेत घर व्यवहारभित्र पर्ने नै कुरा हुन् । वादीका पिताले सो सम्पत्ति बिक्री गरी के कसरी खर्च गरे भन्ने कुरा प्रतिवादीको जानकारीमा आउन सक्ने कुरा होइन । स्वर्गीय पिताको कुनै कुलत थियो वा चारित्रिक कमजोरी थियो वादीले खुलाउन सकेको छैन । यस स्थितिमा सो रकम घर व्यवहारकै लागि खर्च भएको मानिनु स्वाभाविक हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०७० साल जेठ २१ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०६६-CR-०७७८, जालसाजी, *यलम्बर हाङ्ग राईसमेत वि. जमुना के.सी.समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CI-१७०१, ०६८-CI-०३३८, ०३३९ र ०९५०, हरहिसाब गरी भरपाई दिलाई तमसुक फट्टा गरिपाऊँ, *गोपालनारायण सिन्हासमेत वि. बिना राणासमेत, अम्बिका शाहसमेत वि. गोपालनारायण सिन्हासमेत, रणबहादुर शाह वि. गोपालनारायण सिन्हासमेत, बिना राणासमेत वि. गोपालनारायण सिन्हासमेत*

वादी रणबहादुर शाह प्रतिवादी गोपालनारायण सिन्हा भएको दे.नं. ३२६६ को लेनदेन मुद्दा काठमाडौं जिल्ला अदालतमा दर्ता भै कारवाहीयुक्त अवस्थामा रहेको भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ । आफूहरूका बीच काठमाडौं जिल्ला अदालतमा लेनदेन मुद्दा दायर भै कारवाही चलिरहेको भनी पुनरावेदकहरूले प्रतिउत्तर पत्र तथा पुनरावेदन पत्रमा उल्लेख गरेको देखिन्छ । उपरोक्त तथ्यबाट प्रस्तुत हरहिसाब गरी भरपाई दिलाई तमसुक फट्टा गरिपाऊँ भन्ने मुद्दामा उल्लिखित तमसुकबमोजिमको रकमको सम्बन्धमा पुनरावेदक वादी प्रतिवादीहरूका बीच काठमाडौं जिल्ला अदालतमा मुद्दा परेको भन्नेमा कुनै शङ्का देखिएन । साथै प्रतिवादी मीना राणाबाहेकका अन्य ५ जना प्रतिवादीहरू काठमाडौं जिल्लाअन्तर्गतकै भएको अवस्थासमेत देखिँदा प्रस्तुत हरहिसाब गरी भरपाई दिलाई तमसुक फट्टा गरिपाऊँ भन्ने मुद्दासँग सम्बन्धित तमसुकबमोजिमको रकमका सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा लेनदेन मुद्दा चलिरहेको अवस्थामा प्रस्तुत मुद्दामा छिटो छरितो न्याय निरूपणका लागि लेनदेन मुद्दा चलिरहेको काठमाडौं जिल्ला अदालतबाटै मुद्दामा न्याय निरूपण हुने नै

भएबाट बाँके जिल्ला अदालतको मिति २०६६।२।२७ को फैसला बदर गरी विपक्षीलाई तारिख तोकी मिसिल काठमाडौं जिल्ला अदालतमा पठाई दिने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल जेठ २२ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०३७८, ०३७९, कर्तव्य ज्यान, *बाबु भन्ने कृष्णबहादुर लिम्बुसमेत वि. नेपाल सरकार, लक्ष्मी भन्ने जीवन लिम्बु वि. नेपाल सरकार*

प्रत्यक्षदर्शी चन्द्र माझीको कागज र मौकामा कागज गर्ने जनक बोहोराको भनाई एवं जाहेरवालीले अदालतमा आई गरेको बकपत्रमा आरोपी प्रतिवादीहरूसमेत भई मृतक भक्तबहादुर महतलाई मारेको कुरा उल्लेख भएबाट र निज प्रतिवादीहरूले यस अदालतमा गरेको पुनरावेदन जिकीरमा समेत कसूर गरेमा पश्चाताप भावना उल्लेख गरी अ.बं. १८८ नं. को प्रयोगको माग भएबाट उपरोक्त माथि विवेचित तथ्य र प्रमाणका आधारमा वारदात हुनुपूर्वका दिनहरूमा यी मृतकले प्रतिवादीहरूलाई अरू व्यक्तिको सहयोगसमेत लिई कुटपीट गर्नेलगायतका धम्कीपूर्ण तरिकाबाट डर त्रासमा पार्नेलगायतका कार्य गरेबाट निजको उक्त कार्यबाट मुक्ति पाउने बहानामा मार्नेसम्मको आपराधिक योजना बनाई सोही योजनाबमोजिम नै यी प्रतिवादीहरूले भक्तबहादुर महतलाई कर्तव्य गरी मारेको कुरामा शङ्का गर्नुपर्ने स्थिति नहुँदा प्रतिवादीहरू बाबु भन्ने कृष्णबहादुर बोहोरा, गोपाल लिम्बु र लक्ष्मी भन्ने जीवन लिम्बुलाई ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

न्याय कठोर दण्डप्रति मात्र परिलक्षित हुनु हुँदैन । कसूरदार ठहर भएका व्यक्तिले आफ्नो कसूरलाई आत्मसात् गर्दै भविष्यमा असल नागरिकको रूपमा समाजमा बस्ने याचना गर्दछ भने निजको याचिकालाई पनि न्यायको दृष्टिले हेरिनु आवश्यक हुन्छ । आफूले गरेको पापको प्रायश्चित् कारागारमा कैदी जीवन व्यतीत गरिरहेको र भविष्यमा कानूनविपरीतको कार्य गर्ने छैन भनी भविष्यमा सुधार भई असल नागरिकको रूपमा रहने प्रतिबद्धतासमेत जाहेर गरेको अवस्था एवं घटनाको सत्य तथ्य व्यहोरा नलुकाईकन मौकामा तथा अदालतमा समेत स्पष्टरूपमा लेखाई न्यायिक कार्यमा सहयोग गरेको स्थिति तथा निजहरूको कलिलो उमेरसमेतलाई विचार गर्दा निजहरूलाई अभियोग माग दावीबमोजिम सजाय गर्दा चर्को पर्न जाने र १० (दश) वर्ष कैद गर्दा पनि न्यायको उद्देश्य पूरा हुन जाने हुँदा निज प्रतिवादीहरू बाबु भन्ने कृष्णबहादुर बोहोरा, गोपाल लिम्बु र लक्ष्मी भन्ने जीवन लिम्बुलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल जेठ २९ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CR- ०३८४, ०१२०, कर्तव्य ज्यान, *कमल कामी वि. नेपाल सरकार, नेपाल सरकार वि.मनिष वि.क.समेत*

विवाद सिर्जना भएको समय र वारदातको समयको अन्तराल लामो छ भने यस्तो अवस्थामा क्षणिक क्षति हुने वा आत्मनियन्त्रण गुम्न जाने स्थिति नहुने ।

ज्यानसम्बन्धी महलको १४ नं. मा, “उसै मौकामा उठेको रिस थाम्न नसकेको” भन्ने शब्दावलीले समयको तत्वलाई इङ्गीत गर्दछ । बिहान १० बजे उठेको रिसको परिणति अपरान्ह ४ बजे हुने क्रियालाई ज्यानसम्बन्धीको १४ नं. ले सम्बोधन

गरेको मान्न मिल्दैन । समयको अन्तरालमा रिस शिथिल हुने, अपराध गर्न नहुने कुरामा सचेतता बढ्ने स्थिति हुन्छ । रिस उठेको तत्काल गरिने कार्यमा व्यक्तिले सोच्न नभ्याउने कुनै योजना बनाउन नभ्याउने स्थिति महसूस गरी यस्तो अवस्थामा हुने ज्यानसम्बन्धी अपराधको सजायमा १० वर्ष मात्र कैदको सहुलियतपूर्ण व्यवस्था गरेको हो । तसर्थ ज्यानसम्बन्धी १४ नं. को प्रयोग गर्नु पर्दा न्यायकर्ताले थाम्न नसकिने प्रकृतिको रीस उठेको समय र कसूर सम्पन्न भएको समयको अन्तरालको पक्षमा विचार गर्नैपर्ने ।

प्रतिवादीहरूको मृतकसँग विवाद सिर्जना भएको सोही बखत तत्काल वारदात नघटाई सोही विवादलाई जरिया बनाई धेरै समयको अन्तरालपछि योजनाका साथ मृतक हिड्ने बाटोमा लुकीछिपी बसी आक्रमण गरी कुटपीट गरी मारेको हुँदा निज यी पुनरावेदक प्रतिवादीसमेतले मृतकलाई मार्ने मनसाय थिएन भनी भन्न सकिने अवस्था नरहने ।

आवेशप्रेरित हत्याको लागि नभई नहुने आवश्यक तत्त्वहरू अर्थात् उपरोक्त अवस्थाहरू प्रस्तुत मुद्दामा विद्यमान नदेखिएकोले पनि प्रस्तुत घटना आवेशप्रेरित हो भनी मान्न सकिने अवस्था नहुँदा निज प्रतिवादी कमल कामीको पुनरावेदन जिकीर पुग्न नसक्ने हुँदा निजलाई ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

ज्यानसम्बन्धीको १७ नं.को प्रयोग हुन अभियुक्तको कार्य मुख्य भई बचन नदिएको, हातहतियार पनि नछाडेको र मृतकको जीउमा पनि नछोएको पूर्वावस्था देखिनु पर्दछ । मृतकको जीउमा छुने भन्नुको तात्पर्य मृतकलाई कुनै पनि किसिमले प्रहार नगरेको अवस्था हो । मूलतः ज्यानसम्बन्धीको १७ नं. ज्यान मार्ने मूल अपराधमा स्वयं प्रत्यक्ष सरिक नभई सहयोगीको भूमिका निभाउनेका लागि सजाय गर्ने कानून हो । मृतकको जीउमा छुने व्यक्तिलाई यस कानूनले सहयोगी मात्र मानेको छैन । ज्यानसम्बन्धी महलको १७ नं.द्वारा वर्णित सहयोगीका विविध रूपमध्ये देहाय (३) नं. को व्यवस्था भनेको मत सल्लाहमा पसेको, तर मर्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरिरहने आरोपीका हकमा सम्म सो लागू हुने ।

प्रस्तुत मुद्दामा यी प्रतिवादी मनिष वि.क.समेत भई मार्ने मनसायका साथ योजना बनाएको, सोही योजनालाई साकार रूप दिन मृतक आउने बाटो ढुकी बसेको, मृतकलाई पहिला कमल कामीले प्रहार गरी निज भूईँमा अचेत अवस्थामा लड्न पुगेपश्चात् यी प्रतिवादी मनिष वि.क.ले मृतकको छाती तथा टाउकोमा ढुङ्गा र लात्तीसमेतले प्रहार गरेको अर्थात् मृतकको जीउमा छोएको भनी निजैले गरेको बयानबाट खुलेको अवस्थामा निजको वारदातस्थलमा उपस्थितसम्म भएको अर्थ गरी निजलाई ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम सजाय हुने ठहर गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको नदेखिँदा निजको उक्त कार्य ज्यानसम्बन्धीको १३(४) नं.ले परिभाषित गरेको कसूरभित्रको देखिँदा पुनरावेदन अदालतको फैसला केही उल्टी भई प्रतिवादी मनिष वि.क.लाई ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने । □

दुबै प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको १३(१) नं.बमोजिम सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर रहेतर्फ विचार गर्दा प्रस्तुत वारदातमा जोखिमी हतियार प्रयोग भएको नदेखिएको, चक्कु प्रहार भएको भनी जाहेरवालाले उल्लेख गरे पनि सो बरामद हुन नसकेको तर मृतकलाई मार्ने योजनाका साथ बाटो ढुकी बसी ढुङ्गा तथा लात, मुक्काले प्रहार गरी मृतकलाई मारेको पुष्टि हुन आएको छ । वादी नेपाल सरकारले

पुनरावेदन जिकीर एवं दावी लिएबमोजिम जोखिमी हतियार भने प्रयोग भएको नदेखिएबाट प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सजाय हुनुपर्ने भन्ने सो हदसम्मको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्यूटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल जेठ २९ गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-११७२, कर्तव्य ज्यान, *गोविन्द भन्ने गजेन्द्रकुमार चन्द वि. नेपाल सरकार*

कुनै कार्य प्रतिरक्षाका लागि गरिएको हो होइन भन्ने कुरा प्रत्येक वारदातको चरित्रमा भर पर्ने कुरा हो । अपराध स्थापित हुन आपराधिक कार्य र आपराधिक मनसाय स्थापित हुनु पर्दछ । तर, आपराधिक मनसाय नहुँदानहुँदै पनि आपराधिक कार्य हुन पुग्दछ । अपराध भए पनि उक्त कार्यमा खास परिस्थिति वा अवस्था प्रमाणित भएमा अपराध नमानिने गरी आपराधिक दायित्वबाट छूट दिने कानूनी व्यवस्था छ । खास अवस्थामा अपराध हुन पुगेमा त्यस्तो प्रतिवादीलाई आपराधिक कार्यबाट उन्मुक्ति दिन सकिन्छ र सजाय नगर्न सकिन्छ । यही छूटलाई नै वैध प्रतिरक्षाको रूपमा कानूनले मान्यता दिने ।

औचित्यपूर्ण प्रतिरक्षा (Justifiable Defense) स्थापित हुनको लागि सिद्धान्ततः केही तत्वहरूको पुष्टि हुनु जरूरी हुन्छ । यो सिद्धान्त आकर्षित हुन प्रतिवादीका लागि बल प्रयोग अन्तिम विकल्प रहेको देखिनु पर्ने, मृतक र प्रतिवादीको शक्ति सन्तुलन बराबर रहनुपर्ने, प्रतिवादीले न्यूनतम् शक्ति प्रयोग गरेको देखिनु पर्ने, शक्ति प्रयोग नगर्दा प्रतिवादीलाई नै जोखिम हुनुपर्ने र मृतक र प्रतिवादीबीचको द्वन्द्वमा समान प्रकृतिका साधन प्रयोग हुनुपर्ने भन्ने पाँच अवस्था प्रमुख हुन्छन् । कुनै पनि हत्या औचित्पूर्ण प्रतिरक्षाको सिद्धान्तअन्तर्गत परी प्रतिवादीले सजायबाट छूट पाउन सो हत्यामा बल अन्तिम विकल्प (Last resort) को रूपमा प्रयोग भएको हुनुपर्दछ । कुनै व्यक्तिले ज्यान लिने मनसायले कुनै पनि माध्यमबाट जोरजूलुम गरेको कारण निजको नियन्त्रण वा पञ्जाबाट उम्कन नसक्ने अवस्था सिर्जना भएको वा निजको नियन्त्रणबाट भाग्ने, उम्कने, गुहार मागी सहयोग प्राप्त गर्नसक्ने वा प्रहरीलाई खबर गर्नसक्ने अवस्था नभएबाट त्यस्तो जुल्मीका विरूद्ध केही गर्दा निजको मृत्यु भएको प्रमाणबाट देखिनु औचित्यपूर्ण प्रतिरक्षाको पहिलो आवश्यकता हो । यस्तो कार्य तत्काल नै हुनु पर्दछ । धेरै समयपछि आफूलाई मृतकबाट ज्यानको खतरा थियो भन्ने प्रतिरक्षाको आधार बन्न सक्दैन । त्यसपछिको दोस्रो अवस्था भनेको जुल्मी र प्रतिकार गर्ने व्यक्तिको बल वा शक्ति बराबर देखिनु हो । औचित्यपूर्ण प्रतिरक्षा मानी सजायमा छूट दिनका लागि न्यायकर्ताले हेर्नुपर्ने तेस्रो महत्त्वपूर्ण पक्ष हो वारदातमा न्यूनतम् शक्तिको प्रयोग भएको देखिनु । प्रतिवादीले आक्रमणकारीलाई कमभन्दा कम शक्ति वा बल प्रयोग गरेको अवस्था प्रमाणबाट स्थापित हुनु पर्दछ । मानिसको ज्यान लिन पाउनु कसैको पनि सुविधाको कुरा होइन । ज्यान लिनु अपराध नै हो । तर, केही यस्ता अवस्था आइपर्दछन् जसमा यो कार्य नहुँदा प्रतिवादी वा कर्ता स्वयम् तत्काल जोखिममा परेको अवस्था देखा पर्दछ । तत्काल केही नगरेमा प्रतिवादीको आफ्नै ज्यान जाने अवस्था देखिनु पर्दछ । तत्काल जोखिमको अवस्था परिवर्तित नभएको अवस्था देखिनु यो सजायको छूट पाउन देखिनु पर्ने अर्को अवस्था हो । तत्काल आफूमाथि खतरा छ र बाँच्ने अरू कुनै विकल्प छैन भन्ने अवस्था सिर्जना भएको प्रमाणबाट पुष्टि भएमा मात्र कुनै पनि हत्या औचित्यपूर्ण प्रतिरक्षाको वर्गमा पर्ने ।

आक्रमणकारीले जोखिमी हतियारको प्रयोग गरेको छैन भने प्रतिरक्षाकर्ताले पनि जोखिमी हतियार प्रयोग गरेको हुनु हुँदैन । मृतकले जस्तो शक्तिको प्रयोग गरेको छ त्यस्तै शक्तिको प्रयोग प्रतिवादीले पनि गरेको हुनुपर्ने ।

घटनाक्रमले प्रतिवादीको ज्यान खतरामा थियो भनी अर्थ गर्न मिल्ने देखिन आएन । वारदातको समग्र स्थिति, मृतक र यी प्रतिवादीको कार्यसमेतको विवेचनाबाट यी प्रतिवादीलाई सामान्य प्रतिरक्षाको सिद्धान्त एवं हाम्रो कानूनले स्वीकार गरेको प्रतिरक्षाको सिद्धान्तले सहयोग गर्नसक्ने देखिन नआउने ।

मृतक पक्ष र प्रतिवादी पक्ष महेन्द्रसिँहको घरको घरपैँचो कार्यक्रमको दिनमा दुबै एकापसमा मिली सँगै रक्सी सेवन गरिरहेको अवस्थामा मृतकले प्रतिवादीकी श्रीमती गीता चन्दलाई अवाञ्छित शब्द प्रयोग गरेबाट विवाद सिर्जना भएको देखियो । ती अवाञ्छित शब्दहरूको अर्थ के हो भनी प्रतिवादीले मृतकलाई सोध्दा विवाद भई पहिला मृतकले प्रतिवादीलाई धकेलेबाट प्रस्तुत वारदातको प्रारम्भ भएको छ । आफ्नी पत्नीलाई जिस्क्याएको आवेशमा आई मृतकमाथि प्रतिवादीले आक्रमण गरी मृतकको घाँटी दबाएको कारणबाट जनकबहादुर चन्दको मृत्यु भएको छ । आफ्नी पत्नीलाई तेस्रो व्यक्तिले जिस्क्याएको कारण त्यस्तो पक्ष उत्तेजित हुनु स्वाभाविक देखिन्छ । सोही उत्तेजनाको अवस्थामा प्रतिवादी गजेन्द्रकुमार चन्दले मृतक जनकबहादुर चन्दलाई पहिला भूइँमा लडाई त्यसपछि निजको घाँटी दबाई मारेको देखिँदा यस्तो अवस्थामा घटित वारदातको प्रकृति, "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्ने सम्मको इबि पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रीस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात मुक्का इत्यादिले हान्दा सोही चोट पीरले ऐनका म्यादभित्र ज्यान मरेमा" भन्ने मुलुकी ऐन, ज्यान सम्बन्धीको १४ नं ले वर्णित गरेको अवस्थासँग मेल खाएको छ। सम्बन्धित वारदातमा लात, हात र मुक्कासम्म प्रयोग भएको देखिन्छ. । प्रस्तुत वारदातको समग्र प्रकृतिको सूक्ष्म मनन् गरी हेर्दा ज्यान मार्ने गरी पूर्व रिसइबीका साथ योजना बनाएको र सोहीअनुरूपका कार्य प्रतिवादीले गरेको देखिँदैन । तर, मृतकले प्रतिवादीकी श्रीमतीलाई जिस्क्याएको हुँदा आवेशमा आई लात मुक्काले हिर्काई घाँटी दबाई मारेको उक्त कार्य ज्यानसम्बन्धी महलको १४ नं. अन्तर्गतको वारदात भएको स्पष्ट देखिँदा प्रतिवादी गोविन्द भन्ने गजेन्द्रकुमार चन्दलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद हुने ।

इजलास अधिकृत : दीपक ढकाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल जेठ २९ गते रोज ४ शुभम् ।

६

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CI-०६३०, ०६२९, अंश, *मु.स. गर्ने शिवकुमार मुराउ वि. मु.स. गर्ने ज्ञाना मुराउ, सुकई मुराउसमेत वि. मु.स. गर्ने ज्ञाना मुराउ*

रामऔतार र सुकईको बीचमा अंश लिनुदिनु गरी मिति २०६२।२।२९ मा बण्डापत्र पारीत भएको हुँदा अघिल्ला पुस्ताका हाँगातर्फका अंशियारलाई अंश दिनुपर्ने होइन भन्ने पुनरावेदन जिकीर रहेतर्फ विचार गर्दा वादी झिन्नुतर्फका र प्रतिवादीहरू रामऔतार र सुकई मुराउ जोखुतर्फका सन्तान भएका र मूल अंशियार जोखु र झिन्नुबीच अंश छुट्टिएको कानूनबमोजिमको कुनै लिखतसमेत नभएको र भोग बिक्री व्यवहार प्रमाण समेतबाट वादी अलग भएको भन्ने नदेखिँदा मूल अंशियारका बीचमा नै बण्डा नभएको स्थितिमा तल्लोपुस्ताका अंशियारले आपसमा गरेको बण्डापत्रको लिखतले अघिल्लो

पुस्ताको अंशियारको अंश हकमा कुनै असर गर्न नसक्ने ।

वादीका बाबु झिन्नु र प्रतिवादीका बाबु तथा बाजे जोखु २०२१ सालमा घरसारमा चूल्हो मानोसम्म अलगअलग गरी भिन्न भए पनि अचल सम्पत्ति नरमगरम मिलाई बण्डा गरी आ-आफ्नो अंशभाग अलगअलग दर्ता दाखिल खारेज गराई भोग बिक्री व्यवहार गरेको प्रमाणित हुन नआएकोले वादीले प्रतिवादीहरूबाट आफ्नो बाबु झिन्नुको अंश भाग छुट्याई लिन पाउने नै देखियो । तर, मिति २०२१।१।१ भन्दा पहिलाको सम्पत्तिबाट मात्र वादीले अंश पाउने अवस्थामा सो मितिपछि २०३०।३।१० मा कि.नं. ५९६ र मिति २०४४।२।२४ मा कि.नं. ९५२ प्रतिवादी सुकई मुराउले आर्जन गरेको जग्गा मानो छुट्टिएको मितिपछाडिको हुँदा कि.नं.५९६ र ९५२ जग्गाबाट वादीले अंश पाउन सक्ने अवस्था नरहने ।

स्व. प्रतिवादी रामऔतार मुराउले निजकी छोरी इन्द्रावती मुराउलाई मिति २०६३।४।४ मा र.नं. २/४७ को शेषपछिको बकसपत्र, सोही मितिमा पारीत गरिदिएको र.नं.२/४८ को हालैको बकसपत्र तथा २०६१।३।१० मा र.नं. ८००८ को शेषपछिको बकसपत्रको लिखतबाट हक हस्तान्तरण गरेको लिखतसमेत वादीको हक जति अर्थात् दुई भागको एक भाग बदर हुने ठहर गरेको पुनरावेदन अदालत, बुटवलको फैसला सदर हुने ठहरी यसै लगाउको ०६६-CI-१०३० को बकसपत्र दर्ता बदर मुद्दामा आज यसै इजलासबाट फैसला भएकोले उक्त मितिका बकसपत्र लिखतका जग्गाहरूबाट पनि वादीले दुई भागको एकभाग अंश छुट्टयाई लिन पाउने ।

वादी दावी नपुग्ने ठहर गरेको शुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०६४।६।२१ को फैसला उल्टी गरी तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्येबाट मिति २०२१।१।१ पछि २०३०।३।१० मा कपिलवस्तु जिल्ला, भगवानपुर गा.वि.स वडा नं. ५क कि.नं. ५९६ को ज.वि.१-१०-१७ र मिति २०४४।२।२४ ऐ. कि.नं. ९५२ ज.वि.०-४-० जग्गा प्रतिवादी सुकई मुराउले आर्जन गरेको जग्गा बाहेक गरी दुई भागको एक भाग अंश वादीले पाउने ठहर गर्नुपर्नेमा तायदाती फाँटवारीमा उल्लिखित सम्पूर्ण सम्पत्तिबाट दुई भागको एक भाग अंश वादीले पाउने ठहर गरेको सो हदसम्म पुनरावेदन अदालत, बुटवलको मिति २०६६।३।८ को फैसला मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ । उल्लिखित कि.नं. ५९६ र ९५२ बाहेक फाँटवारीका सम्पत्ति र स्व. प्रतिवादी रामऔतार मुराउले निजकी छोरी इन्द्रावती मुराउलाई मिति २०६३।४।४ र.नं. २/४७ को शेषपछिको बकसपत्र र सोही मितिमा पारीत गरिदिएको र.नं.२/४८ को हालैको बकसपत्र तथा २०६१।३।१० मा र.नं. ८००८ को शेषपछिको बकसपत्रको लिखतमा उल्लिखित जग्गामध्येबाट दुई भागको एक भाग अंश वादीले पाउने ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०७० साल जेठ १ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६६-CI-०६१२, बण्डापत्र दर्ता बदर, *सुकई मुराउ वि. ज्ञाना मुराउ*
- ०६६-CI-०७२६, जालसाजी, *इन्द्रावती मुराउ वि. ज्ञाना मुराउ*
- ०६६-CI-१०३०, बकसपत्र लिखत बदर, *इन्द्रावती मुराउ वि. ज्ञाना मुराउ*

७

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CI-१५६७, धर्मपुत्र लिखत सकार बदर, *इन्द्रावती मुराउ वि. मु.स. गर्ने शिवकुमार मुराउ*

कानूनी प्रक्रिया पूरा गरी लिखतको माध्यमद्वारा राखिएका धर्मपुत्र वा धर्मपुत्री बदर गराउन पाउने एक मात्र अधिकार त्यसरी धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिमा निहीत रहेको हुन्छ। तर, त्यसरी धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले त्यस्ता लिखत बदर नगराएको अवस्थामा त्यसरी धर्मपुत्र वा धर्मपुत्री बस्ने व्यक्तिको हक छोराछोरीसरह हुन्छ। रामऔतारले आफूले गरेको धर्मपुत्रको लिखत बदर नगराएको अवस्थामा धर्मपुत्रको महलको ११ नं. ले धर्मपुत्र बदरको माग गर्न वादीलाई हक प्राप्त हुने अवस्था देखिँदैन। धर्मपुत्र राख्नेबाहेक अरूले दावी गर्न नपाउने गरी उक्त दफा ११ ले कानूनी बन्देज गरेको छ। यस्तो कानूनी बन्देज रहेको स्थितिमा समेत बाबुले राखेको धर्मपुत्रको कानूनी अस्तित्वलाई चुनौती दिएको वादीको दावी कानूनसम्मत् देखिन नआउने।

लिखत बदर गराउन अ.बं. ८२ नं. ले आफूलाई हक प्राप्त रहेको भन्ने पुनरावेदन जिकीरतर्फ विचार गर्दा जसको जति कुरासम्ममा हक पुग्छ त्यति कुरामा सीमित रही दावी गर्न पाउने हक त्यस्तो व्यक्तिमा निहीत रहेको हुन्छ। तर, धर्मपुत्र बदरको माग गर्ने अधिकार धर्मपुत्रको ११ नं. ले त्यसरी धर्मपुत्र राख्ने व्यक्तिलाई मात्र अधिकार दिएकोमा सम्बन्धित दफाले व्यवस्थित गरेको व्यवस्थाविपरीत अ.ब. ८२ नं.को सहारा लिई गरिएको पुनरावेदन जिकीर उपरोक्त विवेचित आधारबाट वादीलाई सहयोग गर्नसक्ने अवस्थासमेत नहुने।

अंश मुद्दाका प्रतिवादी रामऔतारको मृत्यु भएकोले निजको धर्मपुत्रको नाताले शिवकुमारको अंश मुद्दामा मुद्दा सकार गरेको कार्य कानूनअनुरूपको भई बदर हुन नसक्ने अवस्था हुँदा वादी दावी नपुग्ने ठहर गरेको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिने।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल जेठ १ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६८-CI-१५६६, बकसपत्र लिखत बदर, *इन्द्रावती मुराउ वि. मु.स. गर्ने शिवकुमार मुराउ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ६

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६४-CR-०१५०, जालसाजी, *मु.स. गर्ने श्रीमती दिलकुमारी आले वि. इन्द्रमाया श्रेष्ठ*

संशोधनपूर्वको कीर्ते कागजको १८ नं. मा काम भए गरेको थाहा पाएको मितिबाट नालिस गर्न नपाउने व्यवस्था रहेकोमा सोमा मिति २०५८।५।२७ मा संशोधन गरी थाहा पाएको मिति राखेको हो र उक्त व्यवस्था संशोधन मिति २०५८।५।२७ देखि दायर हुने मुद्दामा आकर्षित हुने भन्ने कुरा सो ऐन जारी हुँदा ऐनको दफा १ को उपदफा (२) मा "यो ऐन तुरून्त प्रारम्भ हुनेछ" भन्ने वाक्यांशबाट देखिन आउँछ। जसबाट मिति २०५८।५।२७ मा जारी भएको ऐनको व्यवस्था लागू हुनुपूर्व काम हुँदा जुन ऐनको व्यवस्था थियो त्यही नै व्यवस्था सो काम विरूद्ध नालिस गर्दा लागू हुन्छ। कानून व्याख्याको सामान्य सिद्धान्तबाट समेत पनि काम भए गरेको बेलामा जुन कानून तत्काल बहाल थियो सोही कानूनको प्रावधान लागू हुने भनी मान्नुपर्ने।

संशोधन हुनुपूर्व भए गरेको कामकाजलाई संशोधन भएपछि व्यवस्थाअनुरूप भए गरेको थाहा पाएको मितिबाट ६ महिनाभित्रको हदम्यादमा मुद्दा दायर गरेको कार्यलाई कानूनसङ्गत् मान्न नमिल्ने हुँदा प्रस्तुत मुद्दा तत्कालीन संशोधनपूर्व कीर्ते कागजको १८ नं. ले व्यवस्था गरेको हदम्याद नघाई

परेको देखिँदा दुबै प्रतिवादीउपरको दावी नपुग्ने ठहऱ्याई गरेको शुरू रूपन्देही जिल्ला अदालतको मिति २०६२।२।१७ को फैसला केही उल्टी गरी प्रतिवादी सन्तबहादुर आलेलेसम्म दावीबमोजिम जालसाज गरेको ठहऱ्याई भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६४।१।१६ को फैसला मिलेको नदेखिँदा उल्टी भई हदम्यादको आधारमा वादीको फिराद खारेज हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७० साल जेठ १३ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६४-CR-०१४९, जालसाजी, *मु.स. गर्ने श्रीमती दिलकुमारी आले वि. इन्द्रमाया श्रेष्ठ*
- ०६५-CR-०१५१, जालसाजी, *मु.स. गर्ने श्रीमती दिलकुमारी आले वि. इन्द्रमाया श्रेष्ठ*

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६४-CI-०२६६, खिचोला मेटाई निकास बाटो कायम गरी चलन चलाई पाऊँ, *धनी खत्रीसमेत वि. इन्द्रमाया श्रेष्ठ, दिलकुमारी आले वि. इन्द्रमाया श्रेष्ठ*

प्रतिवादीहरूले वादीको पहिलो सट्टापट्टा लिखतमा भएको बाटोभन्दा सानो बाटो कायम गरी भएको लिखतले बाटो खिचोला गरेको अवस्था देखिँदा वादी दावीबमोजिम निजको जग्गादेखि उत्तरतर्फ ९ फीट बाटो कायम गर्नुपर्नेमा दावी नपुग्ने गरी गरेको शुरू रूपन्देही जिल्ला अदालतको मिति २०६२।२।१७ को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई दावीबमोजिम उत्तरतर्फको ९ फीट जग्गामध्ये हाल नक्सामा देखिएको विवादित नक्सा नं. १५ र १६ को जग्गा कायमै देखिँदा दावीबमोजिम प्रतिवादीहरूबाट नक्सा नं. १५ र १६ को जग्गा र सोदेखि उत्तरतर्फको नपुग जग्गाको सम्म कब्जा खिचोला मेटाई वादीले निकास बाटो खुलाई पाउने र पछि तैयार भएको नक्सा बदर हुनेसमेत ठहऱ्याई र चलन चलाई पाऊँ भन्नेतर्फको दावीको हकमा कोर्टफी राखी दावी पर्न नआएको हुँदा त्यसतर्फ केही विवाद गरिरहनु नपर्ने ठहऱ्याई भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६४।१।१६ को फैसला मिलेको नदेखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७० साल जेठ १३ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८ सालको स.फौ.नं. ०६७-CR-१०७८, निर्णय बदर, (हानि रकम भराउने र प्रकाशन रोक लगाउने) *मोहनकुमार उपाध्याय वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत*

फैसला वा निर्णयमा उल्लिखित जे जति विषय आफ्नो प्रतिकूल रहेको भनी बदर गरी माग्नुपर्ने हो ती सबै कुरा एकैपटक माग दावी लिई आउनु पर्ने हुन्छ । पहिलो अपीलमा एउटा कुरामा मात्र बदरको माग गर्ने पछि पहिलो अपीलमै बदरको माग गर्न सकिनेमा सो निर्णय बदरको माग नगरी दोस्रो अपीलमा थप माग गरी आएको यस्तो अवस्थामा नेपाल सरकारले २ वर्षसम्मको लागि नेपाल सरकार वा सार्वजनिक संस्थाको छपाई कार्यमा पुनरावेदकलाई रोक लगाएकोलाई अन्यथा गर्न सकिने अवस्था पनि रहेन । पहिलो पुनरावेदन गर्दा दावी जिकीर नै नलिएको विषय पछि दोस्रो अपीलमा थप दावी लिई आउँदैमा उक्त नेपाल सरकारको मन्त्रिस्तरको निर्णय बदर हुने अवस्था पनि देखिन नआउने ।

प्रतिवादी नेपाल साहित्य प्रकाशन केन्द्रका प्रो. मोहनकुमार उपाध्यायबाट जनक शिक्षा सामग्री

केन्द्र लि.को हानि नोक्सानी भएको रकम रू. ७९,५९,४२६।- असूलउपर गर्ने र उक्त नेपाल साहित्य प्रकाशन केन्द्र र यसका प्रो. मोहनकुमार उपाध्यायलाई नेपाल सरकार र सार्वजनिक संस्थाको छपाई कार्य गर्न २ वर्षसम्मको लागि नपाउने गरी रोक लगाउने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको मिति २०६६।९।१३ को निर्णयबमोजिम नेपाल सरकार (मन्त्रिस्तर) बाट मिति २०६६।११।११ मा समेत निर्णय भैसकको देखिँदा सो आयोगको मिति २०६६।९।१३ को निर्णय सदर हुने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको मिति २०६७।७।११ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल जेठ ५ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८ सालको स.फौ.नं. ०६७-CR-१११७, झूट्टा विवरण पेश गरी नागरिकता लिएको, *कौशिला चौधरीसमेत वि. नेपाल सरकार*

टीकाराम चौधरीले आफू वास्तविकरूपमा प्रदेशी चौधरीको छोरा र पुष्कर चौधरीको नाति हुँदाहुँदै सो व्यहोरा फरक पारी आफूलाई पुष्कर चौधरीको छोरा र प्रदेशी चौधरीको नाति बनाई वास्तविक तथ्यलाई लुकाई २०३९ साल कार्तिकमा जिल्ला कार्यालय, करणपुरबाट ५४२१२२०६ नं. को नागरिकता लिएको देखिन आएकोले निजको नागरिकतामा उल्लिखित सो हदसम्मको व्यहोरा नागरिकता ऐन, २०६३ को दफा १२ बमोजिम रद्द हुने ठहऱ्याई सोही ऐनको दफा २१(३) बमोजिम टीकाराम चौधरीलाई सजाय हुनेमा निजको मृत्यु भैसककोले केही बोलिरहनु नपर्ने ।

टीकाराम चौधरीले २०३९ सालमा नागरिकता लिएको र पतिको नागरिकता लिने कार्यमा निजकी श्रीमतीको सनाखत वा सहीछाप गर्नुपर्ने अथवा उपस्थिति वा सल्लाह वा सहयोग चाहिने अवस्था पनि रहँदैन । तत्काल नाबालक रहेका छोराहरूको सरसल्लाह सहयोग रहेको र उपस्थिति भएको भनी मान्न सकिने अवस्था पनि रहँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीमा रहने र सो प्रमाण वादी नेपाल सरकारले पुऱ्याउनु पर्ने हुन्छ । वादीको दावीलाई पुष्टि गर्ने वा खम्बीर गर्ने प्रमाण वादी नेपाल सरकारबाट आउन सकेको देखिन आएन । कुनै आधारबिना नै दावी लिएकै आधारमा मात्र प्रतिवादीलाई कसूरदार ठहऱ्याउनु न्यायिक दृष्टिकोणले उपयुक्त नहुने ।

बाबु तथा पतिको नागरिकतामा वास्तविक व्यहोरा लुकाई नागरिकता बनाउने कार्यमा यी प्रतिवादीहरूको सरसल्लाह, सहयोगमा तथा गठमत रहेको नदेखिएबाट अभियोग दावीबाट सफाइ दिने ठहऱ्याएको हदसम्म शुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०६७।२।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहऱ्याएको र स्व. टीकाराम चौधरीको नागरिकतामा बाबुको नाम प्रदेशी चौधरी र बाजेको नाम पुष्कर चौधरी हुनुपर्नेमा अन्यथा भएको व्यहोराको हदसम्मको नागरिकताको व्यहोरा झूट्टा ठहरेकाले सो हदसम्मको शुरूको फैसला केही उल्टी हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल जेठ ५ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WH-००८३, बन्दीप्रत्यक्षीकरण, *दोर्जे लामाको हकमा श्रीमती दिलमाया घलान (लामा) समेत वि. महानगरीय प्रहरी अपराध अनुसन्धान महाशाखासमेत*

निवेदकहरूलाई सार्वजनिक अपराध मुद्दामा पक्राउ गरी थुनामा राखिएको र उक्त मुद्दामा धरौटीमा रिहा भएपछि वन ऐनअन्तर्गतको मुद्दामा पुनः हिरासतमा राखिएको हो भन्ने तथ्यमा विवाद रहेको देखिँदैन। निवेदकतर्फका कानून व्यवसायी उज्ज्वल किशोर घिमिरेले उपरोक्त विपक्षीसमेत सँगको मुद्दामा विपक्षी जिल्ला वन कार्यालय, काठमाडौंले मिति २०७०।३।७ मा मेरो पक्ष डेमा दोर्जे लामासमेत जना ९ बाट रू. १०००।- धरौट माग गरेबमोजिम धरौटी बुझाएको हुँदा निवेदकलाई थुनामुक्त गरेको कुरा पक्षबाट कानून व्यवसायीलाई जानकारी गराएको भन्ने व्यहोराको निवेदन पेश भएको देखिँदा बन्दीहरू धरौटीमा थुनामुक्त भैसकेको अवस्था देखिन्छ। जुन व्यक्तिहरूलाई गैरकानूनी थुनामा राखिएको भनी बन्दीप्रत्यक्षीकरणको रिट दायर हुन आएको हो सोही व्यक्तिहरू धरौटमा रिहा भैसकेको अवस्था देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भएको छ। सो हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७० साल असार ९ गते रोज १ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६९-WH-००७८, बन्दीप्रत्यक्षीकरण, *तुलसी श्रेष्ठको हकमा बाबु हरिबहादुर श्रेष्ठ वि. सुनिता के.सी.(श्रेष्ठ) समेत*

कसैलाई गैरकानूनी तवरबाट थुनामा राख्ने र कसैसँग भेट्न पाउने अधिकार फरकफरक कुरा हो। आफ्नो नाबालक छोरीसँग भेट्न पाउने कानूनी हक लोग्ने स्वास्नीको महलको ३ नं. को देहाय ४ ले प्रदान गरेको देखिन्छ। आफूले भेट्न पाउने हो भने सोही ऐनको आधार लिई साधारण अधिकारक्षेत्रबाट सम्बन्धित अदालतमा प्रवेश गर्नुपर्ने हुन्छ। नाबालक छोरीको कुनै अहित हुने आशङ्का भए आफूले पाल्न पाउने आधारसहित र भेट्न खोज्ने हो भने सोको आधारसहित साधारण अधिकारक्षेत्रबाट सो कानूनी हकको उपचारको मार्ग अवलम्बन गर्नुपर्ने हुन्छ। असाधारण अधिकारक्षेत्रबाट माग गर्ने होइन। यसरी अतिरिक्त उपचारको बाटो हुँदाहुँदै पाल्न पाउने र भेट्न पाउने कुराको मागलाई गैरकानूनी थुनाको प्रसङ्गसँग जोडी छुट्टै विषय बन्दीप्रत्यक्षीकरणको रिट निवेदन लिई असाधारण अधिकार क्षेत्रबाट निवेदक प्रवेश गरेको अवस्था हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७० साल जेठ १७ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट निवेदन नं. ०६९-WO-११६४, उत्प्रेषण परमादेश, *मनोजकुमार मण्डल वि. नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालयसमेत*

नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा नियमावली, २०६२ को विनियम १२७ को उपविनियम (२) खण्ड (ई) को उपखण्ड (क) अनुसार जानीजानी वा लापरवाही गरी प्राधिकरणलाई हानि नोक्सानी पुऱ्याएमा र ऐ. उपखण्ड (ङ) अनुसार कुनै किसिमबाट कसैलाई विद्युतको अनाधिकार उपभोग गर्ने कार्यमा सघाउ पुऱ्याएमा वा विद्युतको अनाधिकार उपभोग गरेको ठहर भएमा भविष्यमा प्राधिकरणको सेवाको निमित्त अयोग्य नठहर्ने गरी सेवाबाट हटाउने कानूनी व्यवस्था भएको देखिन्छ। यी निवेदकसँग विद्युत प्राधिकरण विराटनगर वितरण केन्द्रले उल्लिखित कसूरका सम्बन्धमा मिति २०६९।१।३१ मा स्पष्टीकरण माग गरेको र निजको स्पष्टीकरण जवाफ एवं छानबीन समितिको प्रतिवेदन प्राप्त

भएपश्चात् पुनः मिति २०६९।४।१० मा स्पष्टीकरण माग गरी नेपाल विद्युत प्राधिकरणको मिति २०६९।६।१४ को निर्णयानुसार निलम्बन गरिएको मिति २०६९।२।७ देखि लागू हुने गरी नेपाल विद्युत प्राधिकरण कर्मचारी सेवा नियमावली, २०६२ (सं.स.) को नियम १२७ (२) (ई) अनुसार भविष्यमा प्राधिकरणको सेवाको निमित्त अयोग्य नठहर्ने गरी सेवाबाट हटाएको पाइयो । सो निर्णयउपर परेको पुनरालोकनको निवेदनमा पुनरालोकन समितिले निवेदन नै खारेज गर्ने गरी मिति २०६९।८।१७ मा निर्णय भएकोमा निवेदकले सो निर्णयलाई तत्काल चुनौती नगरी विलम्ब गरी मिति २०७०।१।२३ मा मात्र यस अदालतमा निवेदन गरेको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल वैशाख २३ गते रोज २ शुभम् ।

## पुनरालोकन निस्सा

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-RV-००३२, उत्प्रेषण परमादेश, *नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालय, दरवारमार्ग, काठमाडौंसमेत वि. मैनावती स्टिल इण्डष्ट्रिज प्रा.लि.को. अख्तियारप्राप्त सञ्चालक त्रिलोचन अग्रवाल*

यसमा विद्युत महसूल तथा अन्य दस्तूर निर्धारणका शर्त र आधारसमेत विद्युत ऐन, २०४९ को दफा १७(३) र विद्युत महसूल निर्धारण नियमावली, २०५० को नियम ६ मा उल्लेख भएको र आयोगले निर्धारण गरेबमोजिम ग्राहकबाट विद्युत महसूल र अन्य दस्तूर लिनसक्ने हक विद्युत ऐन, २०४९ को दफा १६(१) ले नेपाल विद्युत प्राधिकरणलाई प्रदान गरेको पाइन्छ । विद्युत शुल्क र डिमाण्ड शुल्क पृथकपृथक रही ग्राहकले प्रयोग गरेको अनुपातमा विद्युत शुल्क र ग्राहकले माग गरेबमोजिम सेवा प्रदायकले निश्चित उर्जाको क्षमता रिजर्भ एवं सुरक्षित गरिदिने र सो सेवाबापत ग्राहकले कबूल गरेबमोजिम सम्झौताका आधारमा लाग्ने दस्तूर डिमाण्ड शुल्क लिन पाउने कानूनी व्यवस्था भएको अवस्थामा यस अदालत संयुक्त इजलासबाट डिमाण्ड शुल्क नलिनु भनी मिति २०६८।२।५ मा भएको फैसलामा *नेकाप* २०५३, नि.नं. ६२००, पृष्ठ ४२९ मा प्रतिपादित सिद्धान्त न्याय प्रशासन ऐन, २०४८ को दफा ११ समेतको त्रुटि विद्यमान रहेको हुँदा प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) अनुसार पुनरालोकन गरी हेर्ने निस्सा प्रदान हुने ।

इति संवत् २०७० साल साउन ११ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६८-RV-००३३, उत्प्रेषणयुक्त परमादेश, *नेपाल विद्युत प्राधिकरण, केन्द्रीय कार्यालयसमेत वि. मोरङ व्यापार संघको तर्फबाट अख्तियारप्राप्त अध्यक्ष महेश जाजु* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RV-०१७६, उत्प्रेषण परमादेश, *स्वस्तिक फुटवेयर इण्डष्ट्रिजका प्रो. रिपीन अग्रवाल वि. भन्सार विभागसमेत*

स्वस्तिक फुटवेयर इण्डष्ट्रिज प्रा.लि. ले २०६०।१०।२४ देखि लागू हुने गरी बण्डेड वेयर हाउसको इजाजत प्राप्त गरेकोमा प्रत्येक आर्थिक वर्षको असोज मसान्तसम्ममा नवीकरण गराउनुपर्ने स्पष्ट कानूनी प्रावधान नभएको र

विविध कारणवश केही ढिला हुन गएको भनी निवेदकले स्वीकार गरी २०६२ असार २४ मा नवीकरणको लागि निवेदन दिएको भन्ने कुरा भन्सार विभागको लिखित जवाफबाटसमेत स्वीकार गरेको देखिन्छ । निवेदकले नवीकरणको सम्बन्धमा दिएको निवेदनउपर तत्काल कुनै प्रक्रिया अगाडि नबढाई बस्ने भन्सार विभाग/कार्यालयको कामबाट निवेदकलाई असर पर्न गएको देखिन्छ । भन्सार ऐन, २०६४ तथा भन्सार नियमावली, २०६४ मिति २०६५।१।१५ देखि मात्र लागू भएको पाइन्छ । भन्सार नियमावली, २०६४ को नियम ९(४) मा नवीकरण गराउनुपर्ने म्याद र दस्तूर सम्बन्धमा ऐ. नियम ९(५) मा नवीकरण गराउने म्याद गुज्रेमा प्रत्येक आ.व. का लागि लाग्ने थप दस्तूर तिरी नवीकरण गराउने सम्बन्धमा र ऐ ९(६) मा इजाजत नवीकरण नगरेको अवधिमा त्यस्तो बण्डेड वेयर हाउसले इजाजपत्रवाला बण्डेड वेयर हाउसको सुविधा उपभोग गर्न नपाउने भनी व्यवस्था भएको पाइन्छ । उपरोक्त ऐन तथा नियमावली मिति २०६५।१।१५ देखि मात्र लागू भएको अवस्थामा उक्त कानूनी व्यवस्थालाई आधार लिई पूर्व कानूनले नबोलेको अवस्थामा कानून बन्नुभन्दा अगाडिका कुरामा पछि बनेको कानूनी प्रावधानबमोजिम २०६७।२।३ मा भन्सार विभागले निर्णय गरेको देखियो । विवादित अवस्थामा जुन कानून प्रचलनमा थियो सोही कानूनी प्रावधानअनुरूप तत्काल निर्णय गर्नुपर्नेमा आफूसमक्ष नवीकरणका लागि परेको निवेदनउपर कारवाही नगरी थाँती राखी पछि बनेको कानूनको आधारमा पश्चात्‌दर्शी असर पर्ने गरी निवेदकबाट विलम्ब शुल्क तथा जरीवाना लिई नवीकरण गर्ने गरी भएको भन्सार विभागको निर्णयउपर परेको निवेदनमा सोको प्रतिकूल हुने गरी विलम्ब शुल्क तथा जरीवाना नलिई नवीकरण गर्न भन्सार विभाग बाध्य हुने कुरा भएन भनी रिट खारेज हुने ठहर गरेको यस अदालतको संयुक्त इजलासको मिति २०६९।९।८ को फैसला *नेकाप* २०५९ कार्तिक मंसिर नि.नं. ७११२, पृ. ४६५, *नेकाप* २०६०, वैशाख जेठ नि.नं. ७१८१ पृ. १४१, मा प्रतिपादित सिद्धान्तविपरीत भई अड्डाको गल्तीले पक्षको अहित हुनु नपर्ने भनी मुद्दाहरूमा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतलाई मध्यनजर राखी न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१)(ख) को अवस्था विद्यमान रहेको देखिँदा प्रस्तुत मुद्दा पुनरालोकन गरी हेर्ने निस्सा प्रदान हुने ।

इति संवत् २०७० साल साउन ११ गते रोज ६ शुभम् ।

## रीत/वेरीत आदेश

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RE-०२०७, ००२८, अपहरणको धम्की, *सुनीलकुमार यादव वि. नेपाल सरकार, जयबहादुर श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादी आरोपित कसूरमा अदालतमा इन्कार रहे पनि अनुसन्धान अधिकारीसमक्ष कसूरमा सावित भई बयान गरी वारदातमा प्रयोग गरिएका मोबाइल आफ्नो भनी सनाखतसमेत गरेको देखिन्छ । जाहेरवालाका तर्फबाट आइ.एम.इ. गरी दुई पटकसम्म रकम पठाएको कुरालाई अन्यथा भन्न नसक्नुको अतिरिक्त कल डिटेल व्यहोरा एवं मौकामा बुझिएका व्यक्तिहरूले गरिदिएको कागजसमेतका तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादी सुनीलकुमार यादव कसूरदार देखिँदा निजलाई अ.बं. ११८(२) नं. बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने भनी शुरू झापा जिल्ला अदालतबाट मिति २०६९।६।२५ मा गरेको आदेश सदर हुने ।

प्रतिवादी जयबहादुर श्रेष्ठको हकमा विचार गर्दा जाहेरवालाले जाहेरी दिँदा यी प्रतिवादी जयबहादुर श्रेष्ठको नाम उल्लेख गरेको देखिएको छैन । यी प्रतिवादीउपर लगाइएको आरोपमा निज प्रतिवादी इन्कार रहेका, केवल सहप्रतिवादीले पोलसम्म गरेको स्थितिमा निजलाई तत्काल थुनामा राख्नु नपर्ने स्थितिमा पनि निजलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी भएको शुरू झापा जिल्ला अदालतको मिति २०६९।६।२५ को आदेश तथा सोलाई सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६९।९।५ को आदेश सो हदसम्म मिलेको नदेखिँदा जयबहादुर श्रेष्ठको हकमा सम्म उक्त आदेश बदर गरिदिएको छ। पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा निज जयबहादुर श्रेष्ठबाट अ.बं. ११८ को देहाय ५ र १० बमोजिम रू. ५०,०००।- (पचास हजार) नगद धरौट वा सो बराबर जेथा जमानी लिई तारिखमा राखी नियमानुसार गर्नू ।

इति संवत् २०७० साल साउन २३ गते रोज ४ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RE-०१७२, अपहरण र कर्तव्य ज्यान, *राधिकादेवी गुप्ता वि. नेपाल सरकार*

रामदयाल चौधरीलाई अपहरण गरी कर्तव्य गरी मार्नमा षड्यन्त्र गरेको भनी यी प्रतिवादीउपर मुलुकी ऐन, ज्यानसम्बन्धीको १६ नं. बमोजिमको सजायको माग दावी लिएको पाइन्छ । प्रतिवादी आरोपित कसूरमा इन्कार रही अदालतमा बयान गरेको अवस्था एवं मृतकलाई मार्नमा यी प्रतिवादीको प्रत्यक्ष संलग्नताको पुष्टि हुने तत्काल प्राप्त प्रमाणको अभावमा अ.बं. ११८(२) नं. बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने भनी शुरू महोत्तरी जिल्ला अदालतबाट मिति २०६८।१०।१२ मा गरेको आदेश सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।६।२५ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब, पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल यी प्रतिवादी राधिकादेवी गुप्तालाई अ.बं. ४७ नं. बमोजिम साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नू ।

इति संवत् २०७० साल साउन २३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RE-०२३९, गेट पर्खाल घर टहरा भत्काई खिचोला मेटाई चलन चलाई पाऊँ, *नेपाल ससेज फ्याक्ट्री प्रा.लि.को तर्फबाट अख्तियारप्राप्त माणिकरत्न कंसाकार वि. नानी छोरी मानन्धर*

सम्बन्धित जग्गा सम्बन्धमा नै काठमाडौं जिल्ला अदालतमा जग्गा खिचोला मुद्दा दायर भई विचाराधीन रहेको देखिनाले त्यस अदालतबाट प्रस्तुत मुद्दालाई मुलुकी ऐन, अ.बं. १२ नं. बमोजिम मुलतबी राख्ने भनी भएको मिति २०६९।११।१४।२ को आदेशलाई अन्यथा गरिरहनु नपर्ने ।

इति संवत् २०७० साल साउन १८ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RE-०२१४, मानव बेचबिखन, *भीम भन्ने सुवास क्षेत्री वि. नेपाल सरकार*

जाहेरवाली पीडित भनिएकी पवित्रा खत्रीकी आमा गंगा थापामगरमाथि जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमक्ष चलेको संवत् २०६९/०७० सालको स.फौ.नं. ५७/२५०६ को केही सार्वजनिक अपराध मुद्दा र सो मुद्दामा सो कार्यालयबाट भएको मिति २०६९।५।१८।२ को फैसलाअनुसार निवेदक प्रतिवादीमाथि प्रस्तुत मानव बेचबिखन मुद्दामा झूट्टा जाहेरी दिएको भनी स्वयं जाहेरवालीले स्वीकार गरेको एवं पीडित कविता तथा निजकी हजूरआमा मालती थापासमेतले गरेको कागजबाट सो कुराको पुष्टि भएको देखिएकोले

निवेदक प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने भनी भएको काठमाडौं जिल्ला अदालतको मिति २०६९।१।१४ एवं मिति २०६९।५।७ को आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत, पाटनको २०६९।९।२७ को आदेश सो आधारमा न्यायसङ्गत् नदेखिनाले बदर गरिदिएको छ। प्रतिवादीलाई तारिखमा राखी पुर्पक्ष गर्नू।

इति संवत् २०७० साल साउन ३० गते रोज ४ शुभम्।

## अन्तरिम आदेश

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RE-०२३७, उत्प्रेषण परमादेशसमेत, *के.एल.हाइटेक सिक्योर प्रिन्टर्स लिमिटेडको तर्फबाट श्री पी श्रीनिवास रायको अख्तियारप्राप्त अधिवक्ता प्रकृत श्रेष्ठ वि. नेपाल टेलिकमसमेत*

बोलपत्र मूल्याङ्कन समितिअनुसार स्क्र्याच कार्डहरूको quality confidentiality, security तथा timely delivery समेतको सम्बन्धमा विचार गरी निवेदकको योग्यता नपुगेको आधारमा समेत निवेदक मूल्याङ्कन प्रक्रियाबाट बाहिरिएको अवस्था लिखित जवाफमा उल्लेख भएकाले प्रस्तुत मुद्दामा निर्णय हुँदाको बखत निवेदन मागबमोजिम रिट जारी हुने नहुने भनी विचार हुने हुँदा तत्कालको लागि निवेदन मागबमोजिम अन्तरिम आदेश जारी गरिरहनु नपर्ने।

इति संवत् २०७० साल साउन १८ गते रोज ६ शुभम्।

- **हामी सर्वोच्च अदालतबाट भएका सबै निर्णयहरु यस बुलेटिनमा प्रकाशित गर्दछौं।**
- **सम्बन्धित इजलास अधिकृतबाट सबै निर्णयका सबै प्रतिलिपिहरु प्राप्त हुन्छन् भन्ने हामी विश्वास गर्दछौं।**
- **यहाँ प्रकाशित निर्णयहरु केवल सूचना सम्प्रेषण गर्ने प्रयोजनका लागि हुन्। यिनको रीतपूर्वक नक्कल लिन सकिन्छ।**

# सर्वोच्च अदालत गतिविधि

**सर्वोच्च अदालतका विभिन्न शाखा/महाशाखाअन्तर्गत गत आ.व. २०६९/०७० भित्र सम्पन्न भएका प्रमुख कार्यहरू सम्बन्धित शाखा / महाशाखाबाट प्राप्त विवरणअनुसार देहायबमोजिमका छन्:**

## अनुगमन तथा निरीक्षण महाशाखा

### १. मातहत अदालतको निरीक्षण

- सर्वोच्च अदालतका माननीय न्यायाधीशहरूबाट पुनरावेदन अदालत बुटवल, तुलसीपुर, राजविराज र मातहतका जिल्ला अदालतहरूको निरीक्षण सम्पन्न भएको,
- पुनरावेदन अदालतहरूबाट मातहतका ७३ जिल्ला अदालतहरू (डोल्पा र मनाङ बाहेक) तथा अर्धन्यायिक निकाय र कारागारसमेतको निरीक्षण सम्पन्न भएको,
- गत वर्षको निरीक्षणमा दिइएका निर्देशनहरूको कार्यान्वयनको अवस्था अनुगमन गरिएको ।

### २. मिसिलहरूको आन्तरिक निरीक्षण

- सर्वोच्च अदालत मुद्दा तथा रिट महाशाखाअन्तर्गत निम्न शाखाहरूको मिसिल तथा अन्य कामकारवाहीको आन्तरिक, निरीक्षण गरी श्रीमान् रजिष्ट्रार तथा सम्माननीय प्रधानन्यायाधीशसमक्ष प्रतिवेदन पेश गरियो:
  - २०६९ साल साउनमा पुनरावेदन दर्ता, दोहोऱ्याई पाऊँ, पुनरावलोकन, म्याद तामेली, चिठी पूर्जी, मिसिल दर्ता शाखा, असोजमा अभियान फाँट, कात्तिकमा मेलमिलाप केन्द्र, मङ्सिरमा रिट क शाखा, पुसमा रिट ख शाखा, माघमा थुनुवा शाखा, फागुनमा दोहऱ्याई पाऊँ शाखा, चैतमा रिट ८ तथा कजलिष्ट शाखा,
  - २०७० वैशाखमा मुद्दा शाखा क (फाँट) २, ३, ४ र ५) र जेठमा मुद्दा शाखा ख (फाँट ६, ७, ९, १० र २२) ।
  - सर्वोच्च अदालत रिट शाखाका करीब २,५०० थान र मुद्दा शाखाका १३,५०० गरी करीब १६,००० मिसिलहरू र अन्य शाखाको कामकारवाहीको आन्तरिक निरीक्षण तथा अनुगमन गरिएको ।
  - आ.व. २०६९।०७० मा मातहतका पुनरावेदन अदालतहरूमा २९,३४७ तथा जिल्ला अदालतहरूमा ९०,८९८ थान मिसिलहरूको आन्तरिक निरीक्षणको विवरण लिई अद्यावधिक गर्ने गरिएको ।

### ३. केन्द्रीय न्याय क्षेत्र समन्वय समितिका गतिविधिहरू

- मिति २०६९।५।१३, २०६९।९।२४ र २०७०।२।८ मा केन्द्रीय न्यायक्षेत्र समन्वय समितिको ३ वटा बैठक सम्पन्न भई विभिन्न निर्णयहरू गरियो,
- मिति २०६९।४।३ मा युएनडीपीको आर्थिक सहयोगमा डँडेलधुरामा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका पुनरावेदन तथा जिल्ला न्याय क्षेत्र समन्वय समितिका पदाधिकारीहरू र अन्य सरोकारवालाहरूको समुपस्थितिमा न्यायक्षेत्रको प्रभावकारिता सम्बन्धमा एक दिवसीय अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरियो,

- आइसीजे (ICJ) नेपालको आर्थिक सहयोगमा केन्द्रीय न्यायक्षेत्र समन्वय समितिबाट मिति २०६९ साल कात्तिक २४ गते धादिङ, मङ्सिर १७ गते सिराहा, मङ्सिर १८ गते बारा, कलैया र पुस १६ गते पोखरामा पुनरावेदन तथा जिल्ला न्यायक्षेत्र समन्वय समितिका पदाधिकारी र अन्य सरोकारवालाहरूसँग न्यायक्षेत्र समन्वय समितिको प्रभावकारिता विषयमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको,
- पुनरावेदन अदालत, पाटनबाट माग भएअनुसार दोलखा र नुवाकोट जिल्लामा न्यायक्षेत्र समन्वय समितिको अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्न रु.१,०६,०००। निकासा भई कार्यक्रम सम्पन्न भयो । त्यसै गरी पुनरावेदन अदालत तुलसीपुरबाट माग भएअनुसार पुनरावेदन तहमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्न रु.६५,०००। निकासा दिइएको र कार्यक्रम सम्पन्न भएको,
- न्यायक्षेत्र समन्वय समितिको परिचय पुस्तिका तयारीको क्रममा रहेको,
- मातहतका जिल्ला तथा पुनरावेदन अदालत न्यायक्षेत्र समन्वय समितिको काम कारवाहीको प्रतिवेदन लिने र अनुगमन गर्ने गरिएको । यस वर्ष विभिन्न जिल्लाका ४१ वटा जिल्ला अदालतहरू र ८ वटा पुनरावेदन अदालतहरूमा एक पटक, ४ वटा पुनरावेदन अदालत तथा १८ वटा जिल्ला अदालतहरूमा २ पटक, एउटा पुनरावेदन अदालतमा र ६ वटा जिल्ला अदालतहरूमा ३ पटक र २ वटा जिल्ला अदालतहरूमा चौथो पटक न्यायक्षेत्र समन्वय समितिको बैठक बसेका विवरण प्राप्त भएको छ ।१० वटा पुनरावेदन अदालत तथा जिल्ला अदालतहरूमा यस्तो बैठक बसेको जानकारी प्राप्त भएको छैन ।

## ४. विशेष अभियान सञ्चालन

५००० भन्दा बढी मुद्दा भएको पुनरावेदन अदालत, पाटन तथा ३००० भन्दा बढी मुद्दा भएका मोरङ., सुनसरी, सप्तरी, सिराहा, महोत्तरी, धनुषा, पर्सा, वारा, रौतहट, ललितपुर, काठमाडौं, रूपन्देही र बाँके जिल्ला अदालतहरू र २५ थानभन्दा बढी २ वर्ष नाघेका मुद्दा भएका जिल्ला अदालतहरूमा विशेष अभियान सञ्चालन गर्न निर्देशन दिइएको र सोको मासिक प्रगति विवरण लिने गरिएकोमा आ.व. २०६९।०७० को असार मसान्तसम्म उपरोक्त १३ वटा जिल्ला अदालतहरूमा २ वर्षे मुद्दाहरूको संख्या १,८८६ र पुनरावेदन अदालत पाटनको ७० सहित जम्मा १,९५६ मुद्दा फैसला हुन बाँकी रहेको देखिएको ।

## ५. तामेलदारहरूको काम कारवाहीको अनुगमन

सर्वोच्च अदालत तथा जिल्ला अदालतहरूमा कार्यरत सबै तामेलदारहरूको म्याद तामेली र बाँकीको विवरण सबै अदालतहरूबाट लिई आधाभन्दा कम तामेल गर्ने र पुराना म्याद बाँकी राख्ने र समयमा तामेल नगर्नेलाई कारवाही गर्न र प्रोत्साहन भत्ता भुक्तानी नगर्न लेखी पठाउने गरेको ।

यस वर्ष सबै जिल्ला अदालतहरूबाट १,७३,१८२ थान म्याद तामेलीको लागि तामेलदारहरूलाई बुझाइएकोमा १,६१,७८९ थान तामेल भई ११,३५९ फिर्ता, बेपत्ते र तामेल गर्न बाँकी देखिन्छ ।

यस्तै सर्वोच्च अदालतमा कार्यरत् तामेलदारहरूलाई यसवर्ष जम्मा ५,०५१ थान म्याद तामेलीको लागि बुझाइएकोमा सोमध्ये ४,९५९ तामेल भई ६८ थान फिर्ता भएकोमा २४ थान मात्र तामेल हुन बाँकी देखिन्छ ।

## ६.मुलतवी मुद्दाहरूको अनुगमन

मातहतका अदालतहरूमा मुलतवी रहेका र मुलतवीबाट जागेका मुद्दाहरूको मासिक प्रगति विवरण लिई अनुगमन गर्ने गरिएको छ:

| अदालत | मुलतवी लगत संख्या | | | मुलतवीबाट जागेको संख्या | जगाउन बाँकी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | जिम्मेवारी | यस वर्षको | जम्मा मुलतवी | | | |
| पुनरावेदन अदालत | ११२४ | ३९२ | १४८१ | २८८ | ११९३ | |
| जिल्ला अदालत | ८०१५ | १९२६ | ९९७६ | १८५८ | ८११८ | १. अ.वं १२ नं.अनुसारका ६४३९ २.अ.बं.१९० नं.अनुसारका १९२७ ३.चोरीको १० नं.अनुसारका २४१ ४.जि.अ नियमावलीको नियम १९क अनुसारको तामेली ७०४ थान रहेको । |
| जम्मा | ९१३९ | २३१८ | ११४५७ | २१४६ | ९३११ | |

अदालत

### ७. छिनुवा अभिलेख व्यवस्थापन

- यस वर्ष १४ वटा पुनरावेदन अदालत र ५१ वटा जिल्ला अदालतहरूमा मिसिल कागज सडाउन, दराज खरिद गर्न, कम्प्युटर इन्ट्री गर्न, औषधि राख्नसमेतका लागि करीब ५८ लाख ९० हजार रूपैया निकासा दिइएको छ ।
- सर्वोच्च अदालतमा ५ वर्षअगाडि फैसला भएका करीब ८,००० थान मुद्दाका कागज सडाइसकिएको छ ।

### ८. मातहत अदालतको अनुगमन

**निम्न विषयमा मातहत अदालतहरूको स्थलगत अनुगमन गरिएको छः**

- सर्वोच्च अदालत तथा पुनरावेदन अदालतले दिएको निर्देशन, कार्यान्वयनको अवस्था,
- मिसिलको आन्तरिक निरीक्षणको अवस्था,
- म्याद तामेली र तामेलदारको कार्यको अवस्था,
- मुलतवी मुद्दाहरूको स्थिति,
- पुराना मुद्दाको स्थिति,
- न्याय क्षेत्र समन्वय समितिको गतिविधि,
- अभिलेख व्यवस्थापनको अवस्था,
- बडापत्र/सूचना प्रवाह/गुनासो सुनुवाई व्यवस्थापन,
- मेलमिलापको स्थिति,
- कर्मचारीको उपस्थिति, नियमितताको अवस्था,
- फैसला कार्यान्वयनसम्बन्धी निवेदनहरूको स्थिति,
- सूचना प्रविधिको प्रयोगको अवस्था,
- अदालतको जिन्सी व्यवस्थापनको अवस्था,
- अन्य आवश्यक कुराहरू ।

**अनुगमन गरिएका अदालतहरू**

१. पुनरावेदन अदालत, जनकपुर, महोत्तरी जिल्ला अदालत, धनुषा जिल्ला अदालत, सिन्धुली जिल्ला अदालत, सर्लाही जिल्ला अदालत ।

२. पुनरावेदन अदालत राजविराज, सप्तरी, जिल्ला अदालत, सिराहा जिल्ला अदालत, उदयपुर जिल्ला अदालत ।

३. पुनरावेदन अदालत नेपालगञ्ज, बाँके जिल्ला अदालत, बर्दिया जिल्ला अदालत, दाङ जिल्ला अदालत र पुनरावेदन अदालत, तुलसीपुर।
४. पुनरावेदन अदालत महेन्द्रनगर, कञ्चनपुर जिल्ला अदालत र कैलाली जिल्ला अदालत।
५. पुनरावेदन अदालत हेटौंडा, मकवानपुर जिल्ला अदालत, चितवन जिल्ला अदालत, पर्सा जिल्ला अदालत, वारा जिल्ला अदालत र रौतहट जिल्ला अदालत।

### ९. अन्य

- सूचना कक्षको स्थापना र बडापत्रको कार्यान्वयनको अनुगमन।
- वैतनिक कानून व्यवसायीको काम कारवाहीको अनुगमन र रेकर्ड अद्यावधिक गरिएको।
- आ.व. २०६९।०७० मा ४८ वटा जिल्ला अदालतहरूमा बाल इजलास गठन भएका र ती अदालतहरूमा जम्मा १७८ थान मुद्दाको लगत भएकोमा सोमध्ये १०१ थान फछ्र्यौट भई ७७ थान बाँकी रहेको विवरणबाट देखिएको छ।
- जिल्ला तथा पुनरावेदन अदालतमा सुरक्षा फोकल पर्सन तोक्ने कार्यको अनुगमन गरिएको।
- अनुगमन महाशाखाबाट नै अनुगमन गर्ने गरी आदेश भएका मुद्दामा आ.व. २०६९।०७० मा २० थान फैसला वा आदेश दर्ता रहेकोमा सोमध्ये १० थान मुद्दामा आदेश कार्यान्वयन सम्पन्न भएकोले लगत कट्टा गरिएको र बाँकी १० थान मुद्दा कार्यान्वयनकै अवस्थामा रहेको देखिएको छ।

# मुद्दा महाशाखा

### मुद्दाको लगत फछ्र्यौट विवरणः

- आ.व. २०६९/०७० मा कूल १२६८२ थान मुद्दा जिम्मेवारी सरी आएकोमा यो वर्ष ८१३३ थान नयाँ मुद्दा दर्ता भै कूल लगत २०८१५ कायम रहेको देखिन्छ। जसमा कूल लगतको २१ प्रतिशत वा ४३५८ मुद्दा फछ्र्यौट भै १६४५६ मुद्दा आ.व. ०७०/०७१ मा जिम्मेवारी सरेको छ। नयाँ मुद्दा दर्ताको क्रमलाई हेर्दा गत वर्ष ८६३१ मुद्दा दर्ता भएकोमा यस वर्ष ४९८ थान मुद्दा कम भै ८१३३ मुद्दा दर्ता भएको देखिन्छ।
- आ.व. ०६९/०७० मा पुराना मुद्दा तर्फ हेर्दा ५ वर्ष नाघेका कूल ४४५ थान मुद्दा मध्ये ८७ थान अर्थात् २० प्रतिशत फछ्र्यौट भई ३५८ बाँकी रहेको छन्। जस मध्ये सबैभन्दा पुरानो आ.व. ०५१/०५२ को २ थान मुद्दा यस वर्ष फछ्र्यौट भएको छ। सबभन्दा पुरानो(आ.व. ०५९/०६०) को (पुनरावेदन) अन्तर्गत २ थान र ०६१/०६२ को ४ थान मुद्दा बाँकी रहेको छ। आ.व. ०६०/०६१ को कुनै मुद्दा बाँकी छैनन्।
- यो आर्थिक वर्षमा ३ वर्ष पुराना प्यानल अन्तर्गतका मुद्दाको फछ्र्यौटको स्थिति हेर्दा लगाउसहित कूल १५०३ थान मध्ये ४०३ अर्थात् २७ प्रतिशत फछ्र्यौट भई ११०० थान मुद्दा बाँकी रहेको छ। जस मध्ये देवानी प्यानलका ९५४ थानमा १६० अर्थात् १७ प्रतिशत, फौजदारी प्यानलअन्तर्गत २९७ मुद्दा मध्ये ११६ थान अर्थात ३९ प्रतिशत र रिट बाणिज्य अन्तर्गत २५२

मुद्दा मध्ये १२७ थान अर्थात ५० प्रतिशत फछ्र्यौट भएको देखिन्छ ।

- यस आर्थिक वर्षबाट राजश्व र बाणिज्यसम्बन्धी मुद्दालाई छुट्टै शाखाअन्तर्गत व्यवस्थापन गरिए तापनि जम्मा कूल २८५ थान मुद्दामध्ये ८ थान अर्थात् ३ प्रतिशत मुद्दा फछ्र्यौट भएको छ भने भ्रष्टाचारतर्फको स्थिति हेर्दा कूल ३२९ मुद्दा मध्ये १०४ अर्थात ४९ प्रतिशत मुद्दा फछ्र्यौट भएको देखिन्छ ।

- यस आर्थिक वर्षमा वार्षिक कार्ययोजनाले निर्धारण गरेको लक्ष्यबमोजिम फछ\यौंटको स्थिति हेर्दा कूल फछ्र्यौट लक्ष्य १२६८० रहेकोमा जम्मा ४३५८ अर्थात\ लक्ष्यको ३४.३६ प्रतिशत फछ\यौंट भएको देखिन्छ तर यो लक्ष्य सर्वोच्च अदालतमा नियमित १० इजलासबाट सुनुवाई गरिने मान्यतामा आधारित भै निर्धारण गरिएकोमा यस आर्थिक वर्षमा न्यायाधीशको संख्या अत्यन्त कम भै जम्मा पाँच इजलास र झण्डै ४ महिना २ वा ३ इजलास मात्र कायम रहेकोले सो इजलासको अनुपातमा लक्ष्यको तुलना गर्दा ६९ प्रतिशत मुद्दा फछ्र्यौट भएको देखिन्छ । यो आर्थिक वर्षमा प्रति न्यायाधीश फछ\यौंट संख्या ४३५ रहेको छ । गत वर्ष प्रति न्यायाधीश फछ\यौंट ४५३ रहेको थियो ।

- सम्पूर्ण मुद्दा पेशी चढ्नुअघि आदेश कार्यान्वयन भए नभएको सम्बन्धमा शाखा प्रमुखले निरीक्षण गरी पेशी चढाउन परिपक्व भएको छ भनी प्रमाणित गरेपछि मात्र पेशी चढाउने व्यवस्था मिलाइएको छ । शाखा प्रमुखले मुद्दामा अङ्ग पुगी पेशी चढाउन उपयुक्त छ भनी प्रमाणित नगरेसम्म मुद्दा पेशी चढ्द}न । मुद्दालाई पेशी चढाउने वा अङ्ग पुऱ्याउने वा आदेश कार्यान्वयन गर्ने सम्बन्धमा कुनै कठिनाई भए तत्काल महाशाखा प्रमुखसँग छलफल गरी निकास लिने गरिएको छ । साविकमा आन्तरिक निरीक्षणसम्बन्धी प्रतिवेदन मिसिल सामेल मात्र राख्ने गरिएकोमा यस आ.व. देखि आन्तरिक निरीक्षण अभिलेख कम्प्युटर प्रणालीमा नै सुरक्षित रहने प्रवन्ध मिलाइएको छ । गत आ.व. को पुसदेखि हालसम्म ९६९४ आन्तरिक निरीक्षण गरिएको र ९७४६ थान मुद्दाको अङ्ग पुगेका मुद्दा रहेका छन्, जुन लक्ष्यको ८९ प्रतिशत रहेको छ ।

- न्यून जनशक्ति र मुद्दाको बढ्दो चापको कारण चालु आ.व. मा मुद्दा फछ्र्यौटमा अघिल्लो आ.व. को तुलनामा निर्धारित लक्ष्यभन्दा उपलब्धिमा कम भएकाले मुद्दा फछ्र्यौटमा प्रभावकारिता अभिबृद्धि गर्नका लागि मुद्दाको प्रकृति हेरी पेशी चढाउने संख्या, दिन, विषयलगायतमा निश्चित\ मापदण्डको विकास गरी पेशी चढाउने गरिएको छ । सरल प्रकृतिको भनी निर्धारित मापदण्डभित्र परेका मिसिलमा सो जनिने स्टीकर टाँसी सरल प्रकृतिका मुद्दाहरू सकेसम्म एउटै सूचीबाट पेशीमा चढी सुनुवाई गर्न मिल्ने व्यवस्था गरिएको छ । पाँच वर्ष पुराना मुद्दाको व्यवस्थापनमा विशेष ध्यान दिइएको छ ।

- मिसिल कागजात पठाउने सम्बन्धमा पक्ष/विपक्षको नाम, मुद्दा, मुद्दा नं., फाँट, कुन मुद्दासँग सम्बन्धित हो सो व्यहोरा आदि स्पष्टसँग खुलाई पत्राचार गर्न अनुरोध गरी मातहत निकायमा पटक -पटक परिपत्र गरिएको छ ।

- कार्यालयमा चिठी पत्र, मिसिल, अभिलेख जस्ता कागजात फेला पार्न समेत कठिनाई भएकाले आफ्नो निकायको मिसिल कागजात अन्य फाँट वा व्यक्तिलाई दिँदा वा जिम्मा लिँदा अनिवार्यरूपमा नाम, थर उल्लेख गरी बुझ्नेको दस्तखत गराउनुका साथै दर्ता हुन आउने सबै अभिलेखलाई Computer System बाट दर्ता गरी सो बाटै Tracking गन{ सकिने गरी आवश्यक कारवाही अगाडि बढाइएको छ ।

- यस अदालतमा दायर भएका वा हुने रिट निवेदनहरूमा अन्तरिम आदेश जारी गरिपाऊँ वा खारेज सम्बन्धमा त्यस्ता निवेदनहरूको सुनुवाईमा इजलासको समय लाग्ने भएतापनि सोको अभिलेख न्यायाधीशहरूको कार्यप्रगतीको आवधिक लगतमा अभिलिखित भएको नदेखिँदा त्यस्तो अभिलेख न्यायाधीशको कार्यप्रगति विवरणमा समावेश गर्ने गरी शुरूवात गरिएको छ ।

- नेपाल सरकार पक्ष वा विपक्ष भएको मुद्दाका सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयलाई पेशीको सूचना कम्तिमा हप्ता अगाडि दिने व्यवस्था मिलाइएको ।

- कतिपय मुद्दाहरू साप्ताहिक पेशी सूचीमा नचढी सिधै दैनिक पेशीमा चढ्ने व्यवस्था भएकोमा त्यसरी पेशी सूचीमा चढ्ने मुद्दाहरूको प्राथमिकताक्रमका सम्बन्धमा नियमावलीमा स्पष्ट व्यवस्था नभएकाले नियमावलीको आगामी संशोधनमा प्राथमिकताक्रम स्पष्ट हुने गरी संशोधन गर्ने व्यवस्था मिलाउन मुद्दा व्यवस्थापन समितिबाट निर्णय गरिएको छ ।

- अदालतमा विचाराधीन रहेका बिभिन्न प्रकृति र विषयवस्तुका मुद्दाहरूलाई विवादित तथ्य, निरोपण हुनुपर्ने प्रश्न तथा सम्बन्धित कानून र यस अदालतबाट प्रतिपादित नजीर सिद्धान्तसमेतका आधारमा समान प्रकृतिका मुद्दाहरूको पहिचान गरी त्यस्ता मुद्दाहरूलाई एकमुष्ट रूपमा एउटै समूहमा राखी एक साथ सुनुवाई गर्न मिल्ने गरी एकै दिन पेशी चढाउने व्यवस्था गर्ने र त्यसरी पेश हुने मुद्दाका सम्बन्धमा संक्षिप्त र एकिकृत टिपोट मिसिल सामेल राख्ने व्यवस्था यस आ.व. बाट शुरू गर्ने निर्णय गरिएको छ ।

- इजलासबाट भएका सबै आदेश अनिवार्य रूपमा शाखा प्रमुखलाई देखाई आवश्यकतानुसार निकासा लिनुपर्ने भए लिई कार्यान्वयन गर्ने गरिएको छ ।

- तामेल भई आएको म्याद जाँच गर्न सम्बन्धित शाखा प्रमुखलाई देखाई जाँच गरी तत्काल रीत/बेरीतको निकासा लिएर मात्र मिसिल सामेल राख्ने गरिएको छ .

- मुद्दाको कारवाही प्रक्रियासम्बन्धी सफ्टवेयर (LIC) मा पटक-पटक आउने प्राविधिक समस्या एवं कार्यविधिमा गरिने सुधार अनुकूल सफ्टवेयर परिमार्जन गर्दै लैजाने सम्बन्धमा सूचना प्रविधि महाशाखाका निर्देशक एवं सम्बन्धित प्राविधिकहरूसँग नियमितरूपमा छलफल र अन्तर्क्रिया गर्ने गरिएको छ ।

- महाशाखामा कार्यरत\ राजपत्रअनङ्कित कर्मचारीहरूलाइ{ कम्प्युटर सफ्टवेयर (एल.आई.सि.) तथा युनिकोडसम्बन्धी एवं मुद्दा व्यवस्थापन र मेलमिलापसँग सम्बन्धित तालिम सञ्चालन गरिएको छ ।

- शाखा प्रमुखले आ-आफ्नो शाखाअन्तर्गत फाँटमा रहेका मुद्दाको एल.आइ.सी. मा Verification गरेर मात्र पेशी चढ्ने व्यवस्था मिलाइएको र पेशीमा नचढेका मुद्दामा पनि Verification गर्न सकिने प्रावधान मिलाइएको छ ।

# मेलमिलाप केन्द्र

## मेलमिलापसम्बन्धी प्रगति विवरण

१. सर्वोच्च अदालत मेलमिलाप समितिको २०६९ साउन महिनादेखि २०७० साउन मसान्तसम्म ६ पटक बैठक बसी मेलमिलाप क्रियाकलापसम्बन्धी विभिन्न विषयमा निर्णय गरिएको,

(क) मिति २०६९।५।२९ गतेका दिन सर्वोच्च अदालत मेलमिलाप समिति र न्यायमा सहज पहुँच अभिबृद्धि परियोजनाको संयुक्त आयोजनामा मेलमिलापसँग सम्बन्धित निकाय र संस्थाहरू बीच मेलमिलापको प्रबर्द्धनमा सहकार्य र समन्वय विषयक एक दिवसीय अन्तर्क्रिया कार्यक्रम होटेल साँग्रिला लाजिम्पाटमा सम्पन्न गरिएको,

(ख) मिति २०६९।८।१२ र १३ गते भैरहवामा लुम्बिनी अञ्चलका सातवटै अदालतका जम्मा ४० जना कर्मचारीहरूलाई सहभागी गराई दुई दिने मेलमिलापसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको,

(ग) मिति २०६९ चैत ०९ गते मेलमिलापसम्बन्धी कार्यमा संलग्न संस्थाहरू बीचमा मेलमिलाप कार्य प्रगतिसम्बन्धमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको,

(घ) सर्वोच्च अदालतको आयोजनमा २०६९।१२।३० गते सम्माननीय प्रधानन्यायाधीशको प्रमुख आतिथ्यमा चितवनको होटल ग्लोवलमा पुनरावेदन अदालत, हेटौडा र वुटवलमा कार्यरत सबै माननीय न्यायाधीशहरू, रूपन्देही, नवलपरासी, चितवन र मकवानपुर जिल्ला अदालतका माननीय न्यायाधीश तत्तत् अदालतमा सूचिकृत २।२ जना मेलमिलापकर्ता, कानून व्यवसायी र पुनरावेदन अदालत, हेटौडा र बुटवलका रजिष्ट्रार र चितवन जिल्ला अदालतका सेस्तेदार समेत ५० जनाको सहभागितामा एक दिवसीय मेलमिलापसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको,

ङ) पूर्वाञ्चल क्षेत्रमा कार्यरत माननीय न्यायाधीशहरूलाई समावेश गरी २०७०।१।१७ मा सर्वोच्च अदालत र न्यायाधीश समाजको संयुक्त आयोजनामा मेलमिलापसम्बन्धी एकदिवसीय अन्तर्क्रिया कार्यक्रम विराटनगरमा सम्पन्न गरिएको,

च) सर्वोच्च अदालतद्वारा मिति २०७०।२।२६ गते पोखरामा समाजसेवी, कानून व्यवसायी, मेलमिलापकर्ता, कर्मचारी र पत्रकारलाई समावेश गरी ५० जनालाई सहभागी गराई मेलमिलाप सम्बन्धी एक दिवसीय कार्यक्रम सम्पन्न गरिएको,

२(क) मिति २०६९।६।७ गतेदेखि २०६९।६।८ गतेसम्म पुनरावेदन अदालत, वाग्लुङ्ग, जिल्ला अदालत बाग्लुङ्ग, पर्वत र म्याग्दी गरी ४ वटा अदालतहरूका मेलमिलाप केन्द्रहरूको अनुगमन गरिएको,

(ख) मिति २०६९।८।१० गतेदेखि २०६९।८।१५ गतेसम्म पुनरावेदन अदालत, पोखरा र जिल्ला अदालत कास्की, स्याङ्जा गरी ३ वटा अदालतहरूका मेलमिलाप केन्द्रहरूको अनुगमन गरिएको,

(ग) मिति २०६९।१२।२ देखि २०६९।१२।५ सम्म जिल्ला अदालत रूपन्देही, पुनरावेदन अदालत, बुटवल र पाल्पा जिल्ला अदालत गरी ३ वटा

अदालतहरूको मेलमिलाप केन्द्रहरूको अनुगमन गरिएको,

(घ) काभ्रे र दोलखा जिल्ला अदालतमा रहेका मेलमिलाप केन्द्रहरूको मिति २०७०।१।९ देखि २०७०।०१।१४ सम्म अनुगमन गर्ने कार्य सम्पन्न गरिएको,

(ङ) बारा र चितवन जिल्ला अदालतमा रहेका मेलमिलाप केन्द्रहरूको मिति २०७०।१।८ देखि २०७०।१।१४ सम्म अनुगमन गर्ने कार्य सम्पन्न गरिएको,

(च) पुनरावेदन अदालत, सुर्खेत, जिल्ला अदालत, सुर्खेत र दैलेख जिल्ला अदालतहरूमा रहेका मेलमिलाप केन्द्रहरूको मिति २०७०।१।१९ देखि २०७०।१।२७ सम्म अनुगमन गर्ने कार्य सम्पन्न गरिएको,

छ) पुनरावेदन अदालत, राजविराज तथा जिल्ला अदालतहरू क्रमशः सुनसरी, सप्तरी, रौतहटमा रहेका मेलमिलाप केन्द्रहरूको मिति २०७०।३।९ देखि २०७०।३।१४ सम्म अनुगमन गर्ने कार्य सम्पन्न भएको,

३(क) राष्ट्रिय न्यायिक प्रतिष्ठाद्वारा २०६९।१०।८ देखि २०६९।१०।१४ गतेसम्म बागमती अञ्चलभित्रका अदालतबाट नामावली मगाई २४ जना समाजसेवी, शिक्षक र प्राध्यापकलाई मेलमिलापसम्बन्धी सात दिने आधारभूत तालिम सञ्चालन गरिएको,

ख) राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा २०६९।११।६ देखि २०६९।११।१२ गतेसम्म पोखरामा गण्डकी र धौलागिरी अञ्चलका विभिन्न अदालतबाट नामावली मगाई २५ जना समाजसेवी, शिक्षक र प्राध्यापकलाई मेलमिलापसम्बन्धी सात दिने आधारभूत तालिम सञ्चालन भएको,

ग) कैलालीमा मिति २०७०।१।१२ देखि २०७०।१।१८ सम्म मेलमिलापसम्बन्धी आधारभूत सातदिने तालिम २५ जना कानूनव्यसायीहरूको सहभागितामा सर्वोच्च अदालत र नेपाल बार एशोसियशनको संयुक्त आयोजनामा सञ्चालन गरिएको,

घ) जनकपुरमा मिति २०७०।१।२२ देखि २०७०।१।२८ सम्म मेलमिलापसम्बन्धी आधारभूत सात दिने तालिम २५ जना कानूनव्यसायीहरूको सहभागितामा सर्वोच्च अदालत र नेपाल बार एशोसियशनको संयुक्त आयोजनामा सम्पन्न गरिएको,

ङ) सर्वोच्च अदालतको सहयोगमा राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा मिति २०७०।२।२४ देखि ३० सम्म समाजसेवी, कानून व्यवसायी, प्राध्यापक र कर्मचारी समेत गरी २६ जनालाई मेलमिलापसम्बन्धी सातदिने आधारभूत तालिम प्रदान गरिएको,

च) सर्वोच्च अदालतको सहयोगमा नेपाल बार एशोसिएशनाद्वारा मिति २०७०।२।२४ देखि २०७०।०२।३० सम्म २५ जना कानून व्यवसायीहरूलाई मेलमिलाप सम्बन्धी सातदिने आधारभूत तालिम प्रदान गरिएको,

छ) सर्वोच्च अदालतको आयोजनमा हेटौंडामा मिति २०७०।३।२१ गतेदेखि २०७०।३।२७ गतेसम्म समाजसेवी, प्राध्यापक, पूर्व तथा बहावाला कर्मचारीसमेत गरी २५ जनालाई मेलमिलापसम्बन्धी सात दिने आधारभूत तालिम दिने कार्य सम्पन्न गरिएको,

४(क) सर्वोच्च अदालतको सहयोगमा राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा मिति २०७०।२।७ देखि १० सम्म विभिन्न मेलमिलाप

केन्द्रहरूमा सूचिकृत २२ जना मेलमिलापकर्ताहरूलाई चारदिने उन्नत तालिम (Advanced Mediation Training) दिने कार्य सम्पन्न गरिएको,

ख) सर्वोच्च अदालतको सहयोगमा राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा मिति २०७०।२।१९ - २२ सम्म विभिन्न मेलमिलाप केन्द्रहरूमा सूचिकृत २५ जना मेलमिलापकर्ताहरूलाई चारदिने उन्नत तालिम (Advanced Mediation Training) दिने कार्य सम्पन्न गरिएको,

६. मेलमिलापसम्बन्धी प्रचार प्रसार सामग्री (टिसर्ट, टोपी, कलम, किरिङ्ग, ब्रोसर, पेपर वेट, पम्प्लेट लगायतका सामग्री मातहतका सबै अदालतहरूमा मुद्दाको अनुपातमा वितरण गर्ने नीतिअनुसार सर्वोच्च अदालत, प्रशासन महाशाखाबाट निर्णय भै वितरण गरिएको,

७. मातहतका १६ पुनरावेदन अदालत र ७५ जिल्ला अदालतहरूमा मेलमिलापकर्ताको सूचि अध्यावधिक गराउने कार्य सम्पन्न गराइएको,

८. सबै अदालतहरूमा मेलमिलापकर्ताले परिवहन बापत पाउने रकम आर्थिक प्रशासन शाखासँग समन्वय गरी पठाइएको,

९. मेलमिलापसम्बन्धी निर्देशिका २०६९ छपाई गर्न लगाई सबै अदालतहरूमा वितरण गरिएको,

१०. मेलमिलापसम्बन्धी ३ वर्षे कार्ययोजना निर्माण कार्य अन्तिम चरणमा पुगेको,

११. मेलमिलाप समितिसमक्ष प्राप्त हुन आएको मेलमिलापसम्बन्धी नियमावली, २०७० पूर्ण बैठकमा पेश भई सर्वोच्च अदालत पूर्ण बैठकबाट परिमार्जन सहितको परामर्श कानून, न्याय तथा संसदिय मामिला मन्त्रालयमा पठाइएको,

१२. मेलमिलापसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासको अवलोकन गर्ने सन्दर्भमा सर्वोच्च अदालत मेलमिलाप समितिका अध्यक्ष माननीय न्यायाधीश श्री गिरीश चन्द्र लालको संयोजकत्वमा ६ सदस्यीय भ्रमण दलले मलेसियास्थित मलेसिया मेलमिलाप केन्द्र, क्षेत्रीय मध्यस्थता केन्द्र, फाइनान्सीयल मेडिएशन ब्यूरो, उच्च अदालतलगायतको अवलोकन भ्रमण ( १५ जुलाई २०१३ देखि २२ जुलाई २०१३ सम्म) गर्ने कार्य सम्पन्न गरिएको,

यसरी आर्थिक वर्ष २०६९/०७० मा मेलमिलाप समितिको बैठक ६ पटक अन्तर्क्रिया कार्यक्रम ६ वटा, मेलमिलाप केन्द्रहरूको अनुगमन २० पटक, मेलमिलाप केन्द्र मेलमिलापसम्बन्धी ७ दिने आधारभूत तालिम प्रदान गरिएको जसमा सहभागी संख्या - १७५ जना रहेको तथा मेलमिलापसम्बन्धी ४ दिने उन्नत तालिम (Advance Training) प्रदान गरिएको र सहभागी संख्या ४७ जना रहेको छ ।

# अनुसन्धान तथा योजना महाशाखा

न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (मध्यावधि मूल्याङ्कनसहितको प्रतिवेदन) तथा सर्वोच्च अदालतको वार्षिक कार्य योजनासमेतका आधारमा सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखाबाट आ.व. २०६९र २०७० मा सम्पन्न गरिएका मुख्य-मुख्य कार्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

**१. अनुसन्धानमूलक अध्ययनहरू**

सर्वोच्च अदालत अनुसन्धान समितिको निर्णय तथा प्रत्यक्ष निर्देशनमा रही अनुसन्धान तथा

योजना महाशाखाबाट आ.व. २०६९ / २०७० मा देहायका विषयहरूमा अनुसन्धानमूलक अध्ययनहरू सम्पन्न. भएका छन:-

**(क) पुनरावेदनको रोहमा मातहत अदालतको फैसला सदर वा उल्टी गर्ने अवस्थासम्बन्धी अध्ययन :-**

सहरजिष्ट्रार श्रीकान्त पौडेल निर्देशक तथा माननीय जिल्ला न्यायाधीश श्री सूर्यप्रसाद पराजुली संयोजक रहनु भएको प्रस्तुत अध्ययन समितिमा उपरजिष्ट्रारहरू श्री खडगबहादुर श्रेष्ठ, श्री ध्रुवराज त्रिपाठी र श्री रमेशप्रसाद रिजाल सदस्य रहनु भएको थियो ।

**(ख) सर्वोच्च अदालतबाट मुलुकी ऐन, अदालती बन्दोबस्तको १९४ नं. को प्रयोगको अवस्थासम्बन्धी अध्ययनः**

सहरजिष्ट्रार श्री विपुल न्यौपाने निर्देशक तथा माननीय जिल्ला न्यायाधीश श्री हेमन्त रावल संयोजक रहनु भएको प्रस्तुत अध्ययन समितिमा माननीय जिल्ला न्यायाधीशहरू श्री कमलप्रसाद पोखरेल, श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटा, श्री उपेन्द्रप्रसाद गौतम, शाखा अधिकृत श्री राजन वास्तोला सदस्य तथा कम्प्युटर अधिकृत श्री शम्भुप्रसाद आचार्य आमन्त्रित सदस्य रहनु भएको थियो ।

**(ग) सर्वोच्च अदालतमा जाहेर हुने साधक र सोको कारवाही किनाराको अवस्थासम्बन्धी अध्ययन :**

सहरजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय निर्देशक तथा उपरजिष्ट्रार श्री भद्रकाली पोखरेल संयोजक रहनु भएको प्रस्तुत अध्ययन समितिमा उपरजिष्ट्रारहरू श्री विष्णुप्रसाद गौतम, श्री रमेशप्रसाद रिजाल तथा शाखा अधिकृतद्वय श्री दुर्गाप्रसाद भट्टराई र श्री दिक्षा प्रधानाङ्ग सदस्य रहनु भएको थियो ।

(घ) सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारको विवादमा भएका आदेशहरूको कार्यान्वयनको अवस्थासम्बन्धी अध्ययन :

सहरजिष्ट्रार श्री लालबहादुर कुँवर निर्देशक, सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई आमन्त्रितविज्ञ सदस्य रहनु भएको प्रस्तुत अध्ययन समितिमा माननीय जिल्ला न्यायाधीशहरू श्री बिष्णुप्रसाद उपाध्याय, श्री दिपककुमार दाहाल, उपरजिष्ट्रार श्री भद्रकाली पोखरेल, श्री प्रकाश राउत, श्री चाडकमणि अर्याल सदस्य रहनु भएको थियो ।

**(ङ) मुद्दा प्रवाह व्यवस्थापनका लागि रजिष्ट्रार, स्रेस्तेदार र अन्य कर्मचारीहरूको कार्यविवरण तथा कार्य सम्पादन मापदण्ड निर्धारणसम्बन्धी अध्ययन :**

सहरजिष्ट्रार श्री लालबहादुर कुँवर संयोजक रहनु भएको प्रस्तुत अध्ययन समितिमा माननीय जिल्ला न्यायाधीशहरू श्री रामप्रसाद शर्मा, श्री सुभाषबाबु पुरी, उपरजिष्ट्रार श्री भिमकुमार श्रेष्ठ, श्री ध्रुवराज त्रिपाठी, श्री भद्रकाली पोखरेल, श्री रमेशप्रसाद रिजाल, शाखा अधिकृतहरू श्री रोशनकुमार भट्टराई, श्री देवेन्द्र ढकाल सदस्य तथा आमन्त्रित सदस्यहरूमा माननीय जिल्ला न्यायाधीश श्री सूर्यप्रसाद पराजुली, उपरजिष्ट्रार श्री खड्गबहादुर श्रेष्ठ, शाखा अधिकृत श्री दुर्गाप्रसाद भट्टराई रहनु भएको थियो ।

(च) **सर्वोच्च अदालतबाट मातहत अड्डामा पुनः** निर्णयार्थ मिसिल फिर्ता पठाउने कानूनी व्यवस्था र सोको प्रयोगको अवस्थासम्बन्धी अध्ययन :

सहरजिष्ट्रार श्री नहकुल सुवेदी निर्देशक तथा उपरजिष्ट्रार श्री खड्गबहादुर श्रेष्ठ संयोजक रहनु भएको प्रस्तुत अध्ययन समितिमा उपरजिष्ट्रारहरू श्री ध्रुवराज त्रिपाठी, श्री रमेशप्रसाद रिजाल तथा शाखा अधिकृत श्री अमृताकुमारी शर्मा सदस्य रहनु भएको थियो ।

## २. वार्षिक प्रतिवेदन प्रकाशन

सर्वोच्च अदालत र मातहत अदालतबाट भएका काम कारवाहीहरूको विवरणहरू समावेश गरी सर्वोच्च अदालतको आर्थिक वर्ष २०६८ / ०६९ को वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ ।

## ३. तालिम

सर्वोच्च अदालत अनुसन्धान तथा योजना महाशाखाबाट भएका अनुसन्धानमूलक अध्ययनमा संलग्न जनशक्तिहरूलाई अनुसन्धानको सिलसिलामा तथ्याङ्क सङ्कलन, प्रशोधन तथा विश्लेषणसम्बन्धी सीप विकासको लागि १५ दिने SPSS सम्बन्धी तालिम सम्पन्न भएको छ ।

## ४. कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता मापन सूचक निर्माण

न्यायपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरूलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने नेपाल सरकारको निर्णयबमोजिम कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउनको लागि आवश्यक सूचकहरू, निर्देशिका र कार्यसम्पादन मापन गर्ने फारामहरू निर्माण गरिएको र सोही आधारमा कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता कार्यान्वयनमा आएको छ ।

## ५. वार्षिक कार्य योजनाको समीक्षा

न्यायपालिकाको दोस्रो पञ्चावर्षीय रणनीतिक योजना (मध्यावधि मूल्याङ्कनसहितको प्रतिवेदन) अनुरूप पुनरावेदन तथा जिल्ला अदालतहरूबाट आ.व. २०६९/२०७० को लागि तयार भएका वार्षिक कार्य योजनाहरू सङ्कलन गरी समीक्षा गर्ने क्रममा मूल योजनाले निर्धारण गरेको लक्ष्य एवं मापदण्डअनुरूप तयार नभएका कार्ययोजना तथा कार्य योजनामा देखिएका मूलभूत कमजोरीहरूका सम्बन्धमा सुधार गर्नुपर्ने पक्षहरू समेत औंल्याई कार्य योजनामा सुधार गरी कार्यान्वयनको लागि सम्बन्धित अदालतहरूमा लेखी पठाइएको छ । त्यसैगरी पुनरावेदन अदालत तथा जिल्ला अदालतहरूले वार्षिक कार्य योजनामा माग गरेका स्रोत साधनहरूको प्रतिवेदन तयार गरी आवश्यक सम्वोधनका लागि सम्बन्धित शाखा महाशाखाहरूमा उपलब्ध गराइएको छ ।

न्यायपालिकाको दोस्रो पञ्चमवर्षीय रणनीतिक योजना (मध्यावधि मूल्याङ्कनसहितको प्रतिवेदन) अनुरूप मातहत पुनरावेदन तथा जिल्ला अदालतहरूको वार्षिक कार्ययोजनाको निर्माणका सन्दर्भमा रहेका समस्याहरूका सम्बन्धमा छलफल तथा आवधिक प्रगतिको समीक्षा गर्न स्थानीयस्तरमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने क्रममा योजना कार्यान्वयन समितिका संयोजक सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठको प्रमुख आतिथ्यमा पुनरावेदन अदालत पाटन, पोखरा र बाग्लुङमा समीक्षा कार्यक्रम सम्पन्न भएका छन् । त्यसैगरी योजना कार्यान्वयन समितिबाट योजना कार्यान्वयनको अवस्थाका सम्बन्धमा मासिक रूपमा प्रगति समीक्षा भई प्राप्त निर्देशनहरूको कार्यान्वयनसम्बन्धी आवश्यक कार्यहरू भएका छन् ।

## ६. पुस्तकालयसम्बन्धी

अदालतहरूलाई आवश्यक ऐन तथा नियमावलीहरूको वितरण तथा सर्वोच्च अदालतका लागि पुस्तकहरू खरीदसम्बन्धी कार्य भएको छ ।

## ७. तालिमको पाठ्क्रम निर्माणमा सहयोग

न्याय सेवामा कार्यरत जनशक्तिहरूलाई दिइने तालिमको पाठ्क्रमलाई ब्यावहारिक बनाई जनशक्तिको दक्षता विकास गर्ने उद्देश्यले तालिमको पाठ्यक्रमलाई ब्यावहारिक बनाउने सम्बन्धमा सर्वोच्च अदालतबाट निरन्तर प्रयास भइरहेको छ । यसैक्रममा न्याय सेवा तालिम केन्द्रबाट सञ्चाालन हुने न्याय सेवाका राजपत्राङ्कित तृतीय श्रेणी तथा

राजपत्र अनङ्कित प्रथम र द्वितीय श्रेणीका कर्मचारीहरूको सेवा प्रवेश तथा सेवाकालीन तालिमको लागि पाठ्यक्रम निर्माण तथा परिमार्जनको कार्यमा आवश्यक सहयोग गरिएको छ ।

## सम्पादन तथा प्रकाशन शाखा

**यस आर्थिक वर्षमा सम्पादन तथा प्रकाशन शाखाबाट कार्यसम्पादन भएको विवरणः**

- **नेपाल कानून पत्रिका (मासिक)**ः शत प्रतिशत प्रकाशन भएका छन् ।
- **सर्वोच्च अदालत वुलेटिन (पाक्षिक)**ः ( अन्तरिम आदेश, दोहोऱ्याउने निस्सा प्राप्त, शाखा महाशाखा गतिविधिसहित)ः शत प्रतिशत प्रकाशन भएका छन् ।
- कानून पत्रिका र वुलेटिनको विद्युतीय प्रतिलाई सर्वोच्च अदालतको वेभ साइटमा प्रकाशन गर्ने कार्यक्रम नियमित रूपमा भैरहेको,
- नजीर संग्रह, कानून पत्रिका र वुलेटिनको विद्युतीय प्रति प्रयोगमा ल्याउने कार्यक्रम परिमार्जन भैरहेको,
- विषयगत नजीर सारसंक्षेप संग्रह, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म) प्रकाशन भएको,
- फैसला कार्यान्वयन सम्बन्धमा सर्वोच्च अदालतका केही निर्णयहरू, २०६९ प्रकाशन गरिएको,
- सर्वोच्च अदालतको छापाखाना तथा प्रकाशन शाखामा रहेका प्रकाशनहरू नवनियुक्त पुनरावेदन अदालत तथा जिल्ला न्यायाधीशहरूलाई उपलव्ध गराइएको,
- सर्वोच्च अदालतबाट भएका महत्वपूर्ण फैसला अङ्ग्रेजी अनुवाद गरी प्रकाशन गरिएको,
- टेवलु क्यालेण्डर (१ वर्षे) गत वर्ष झैँ नियमित रूपमा प्रकाशन गरी वितरण गरिएको,
- सर्वोच्च अदालत डायरी, २०७० प्रकाशन गरी वितरण गरिएको,
- इजलास अधिकृतसँग सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूको प्रमुख आतिथ्यमा एक दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको,
- सर्वोच्च अदालतमा कम्प्युटर तथा इजलास अधिकृतहरूलाई नेपाली भाषाको भाषिक प्रशिक्षण सम्पन्न भएको,
- पुनरावेदन अदालत इलाम, धनकुटा र विराटनगर र सो अन्तर्गतका जिल्ला अदालतमा कार्यरत इजलास अधिकृतहरू र कम्प्युटर अपरेटर तथा सहायक कर्मचारीहरूका लागि २ समूहमा विराटनगरमा नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको,
- अदालतसम्बन्धी केही ऐन/नियमावली/निर्देशिका तथा न्यायाधीश आचारसंहिता, २०७० प्रकाशन गरिएको,
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक) प्रकाशनको सम्पादन, *नेकाप/सअ* बुलेटिन समेत प्रकाशनका शुद्धाशुद्धि हेर्ने, इजलास अधिकृतहरूले चाहेमा फैसला /निर्णय/आदेश मस्यौदाका भाषा सम्पादन गर्ने समेतका कार्य गर्नका लागि भाषाविद् श्री भीमनाथ घिमिरेको सेवा करारमा लिइएको ।